# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौथो अधिवेशन

## कार्यवाहीको सम्पूर्ण विवरण

## (पच्चिसौं बैठक)

## मितिः २०७६/०३/१७ गते विहान ११.०० बजे

प्रदेश सभाको चौथो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षतामा मंगलबार दिनको ११.२५ बजे प्रारम्भ भयो ।

### माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, अब म अब माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङले मिति २०७६ साल असार ५ गते सभा समक्ष प्रस्तुत गर्नुभएको विनियोजन विधेयक, २०७६ माथिको बाँकि छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, सर्वप्रथम म, माननीय भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री लेखबहादुर थापा मगरलाई मिति २०७६ साल असार १६ गते छलफलको क्रममा आफ्नो मन्त्रालय संग सम्बन्धित विषयमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

### माननीय भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री लेखबहादुर थापा

माननीय सभामुखज्यू, माननीय सांसदज्यूहरु हाम्रो मन्त्रालय भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको यो विनियोजन विधेयक २०७६ संग सम्बन्धित रहेर २०७६

असार १६ गते माननीयज्यूहरुले यो संग सम्बन्धित विभिन्न जिज्ञासाहरु पेश गर्नुभएको छ। यो उपर विभिन्न विषयमा छलफलको विषय पढ्दै यहाँहरुलाई सम्मान गर्दै मैले केही विषयवस्तुमा मन्त्रालयको तर्फबाट स्पष्ट पार्नका निम्ति म उपस्थित भएको छु। सर्वप्रथम त भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आगामी आ.व.का महत्वपूर्ण पक्षहरुको बारेमा म संक्षिप्तमा राख्न चाहन्छु। कृषि क्षेत्रको आधुनिकीकरण यान्त्रिकरण तथा व्यवसायिकरण र सिंचाईको सुनिश्चितता गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गरी खाद्यान्नमा आत्मनिर्भर हुनका लागि महत्वपूर्ण योजनाहरु संचालन गर्ने योजना बनाएको छ। जसमा उन्नत जातको बिउ बेर्ना वितरण गर्ने कार्यक्रममा हामीले स्याउलाई अलि जोड दिन खोजेका छौं। पशुपंक्षी नश्ल सुधारका कार्यक्रममा हामीले बोयर बोका बाख्राको बिउ वितरण गर्ने कार्यक्रम हामीले बनाएका छौं । ग्रिन हाउस निर्माण तथा यान्त्रिकरण कार्यक्रमलाई हामीले जोड गर्न खोजेका छौं । सहकारीसंगको सहकार्यमा मुस्ताङ जिल्लामा दुध ढुवानी गर्ने भन्ने योजना बनाएका छौं यसपाली आ.व.बाट त्यो शुरु गरिनेछ । प्राविधिक जनशक्ति तथा कृषकहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम हामीले जोड गरेका छौं । अर्को हामीले उन्नत कृषि उन्नत सामाग्रीको आपूर्ति व्यवस्थापन गर्नका निम्ति उच्च प्रविधियुक्त नर्सरी स्टोर किनकी विकास गर्ने यो कार्यक्रम अन्तर्गत बर्थउड सर्टिफिकेसन प्रविधिमा आधारित सुन्तला जातका फलफूल विरुवा उत्पादन गर्ने फलफूल विरुवाहरुको स्रोतकेन्द्र स्थापना गर्ने उन्नत जातका बाच्छा बाच्छी र पाडा पाडी हुर्काउन विशेष प्रोत्साहन कार्यक्रम संचालन गर्ने हामीले योजना बनाएका छौं यसपाली अर्को हामीले कृषि बगैचा निर्माणको समेत अध्ययन गरीने छ। कृषक परिचयपत्र र वर्गिकरणको आधारमा कृषकलाई उपलब्ध गराउने सेवालाई प्रभावकारी बनाईने छ। जसमा कृषि विकास सम्बन्धित सम्भाव्यता अध्ययन अनुसन्धान र परीक्षण यो काम गरिनेछ भने अर्को हामीले कृषकको पहिचान र वर्गिकरण हामीले गरेर सम्पन्न गर्नेछौं। पूर्ण प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम हामीले जिल्ला स्तरबाट संचालन गरिनेछ । एक वडा एक नमूना व्यवसायिक कृषि कार्यक्रम एक पालिका एक

उत्पादन कार्यक्रम र मोडेल फार्मलाई हामीले परिमार्जन गरेर जिल्ला स्तरको ज्ञान केन्द्र र प्रविधि केन्द्र मार्फत संचालन गरिनेछ । संघ संगको सहकार्यमा छिमेकी मित्र राष्ट्र चिनसंग भएका सम्बन्धका आधारमा गाईपालन कार्यक्रमलाई हामीले अत्याधुनिक प्रविधि भित्र्याएर दूध मापन गर्ने यसको कार्यक्रम यसपाली थालनि गरिने छ । प्रदेशको मुख्य प्रवेश विन्दु तनहुँको आबुखैरेनी र स्याङजाको मालुङ्गामा स्थापित दुग्ध विषादी औषधी प्रशिक्षण केन्द्रलाई प्रयोगशालाको रुपमा स्तरोन्नति गरी एकिकृत खाद्य कृषि तथा पशुपंक्षीजन्य उपजको चेकपोष्टको रुपमा विकास गरिनेछ । एक पालिका एक कृषि पकेट कार्यक्रम संचालन गरिने छ । यसरी संकलन गर्दा पुरानो र नयाँ पकेटलाई समायोजन गरिनेछ र एक पालिका एक कृषि पकेट कार्यक्रम संचालन गर्दा माननीयज्यूहरुको सुझावलाई ग्रहण गरिनेछ । अरु जलवायु अनुकुलित प्रविधिको प्रयोग विकास र विस्तार गरेर  गरिबी निवारण गर्न स्थानीय स्तरमा स्वरोजगार सिर्जना गर्न मुख्य मन्त्री वातावरण मैत्री नमूना गाउँ कार्यक्रम यसपाली हामीले छत्तिस वटा प्लस गरेर बहत्तर वटा स्थानमा संचालन गरिनेछ । यो छत्तिस वटा नमूना गाउँ कार्यक्रमलाई यहाँहरुको सुझाव हामीले ग्रहण गर्नेछौं । सोही आधारमा प्रक्रिया बमोजिम निर्माण गरिनेछ । कृषकमा वित्तिय उत्प्रेरणा लागू गर्ने उद्यमशिलताको वृद्धि गर्ने नीति बमोजिम सहुलियत ब्याज दरमा कृषि विकास बैङ्कमा मार्फत कृषि ऋण उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ। बाली तथा पशुपंक्षी बिमालाई प्रभावकारी बनाउने सन्दर्भमा कृषक र बिमा कम्पनिसंग समन्वय गरी उत्पादनमा आधारित बिमा कार्यक्रम कार्यान्वयनमा सहजिकरण गरिनेछ । एक पालिका एक शित भण्डार कृषि बजार कृषि उपज संकलन केन्द्र जस्ता कार्यक्रमहरु हामीले कृषि निर्देशनालयबाट अगाडि बढाईने छ र शित भण्डारको सन्दर्भमा हामीले यसपालि नवलपुरमा, तनहुँ, पर्वत, बाग्लुङ, म्याग्दी, मुस्ताङ छ वटा जिल्लामा यसपाली शित भण्डारको कार्यक्रमलाई अगाडि बढाईनेछ। यो सबै जिल्लाका सदरमुकाममा यो अगाडि बढाईनेछ । खाद्य बस्तुको शुद्धताको निम्ति हामीले कृषि पशुपंक्षीजन्य उपजको प्रशोधन केन्द्र बध स्थल निर्माण गर्ने कार्यक्रम

पनि हामीले राखेका छौ । यो हामीले सबै जिल्लामा एक एक वटा राख्ने हामीले कार्यक्रम बनाएका थियौं त्यो त हुन सकेन । फेरी हामीले यसपालि आँबु खैरेनिमा सोचेका छौ र दुग्ध चिस्यान स्थापना कार्यक्रम हामी संचालन गर्नेछौ । अर्को हामीले घर घरमा प्राङ्गारिक मल उत्पादन कार्यक्रमलाई अभियानको रुपमा संचालन गरेर हामीले प्राङ्गारिक उत्पादनलाई विशेष जोड गर्ने योजना बनाएका छौ । घर बगैचा कार्यक्रम संचालन गर्ने, संघसंगको सहकार्य कार्यक्रममा मनाङ मुस्ताङ उत्तरी गोरखामा स्याउ विशेष कार्यक्रम गर्ने, युवा लक्षियत व्यवसायिक कृषि तथा पशुपालन तालिम कार्यक्रमलाई व्यवस्थित गर्ने, पशुपंक्षी खोप वितरण घोषणा कार्यक्रम संचालन गर्ने, चक्लाबन्दी कार्यक्रम संचालन गरेर सामुहिक खेती प्रणालीलाई निरन्तरता दिने, भूमिहीन सुकुम्बासी वर्गको तथ्याङ्क संकलन गर्ने, साथै अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न एकिकृत बस्ति विकास कार्यक्रम संचालन गर्ने, सहकारी सम्बन्धी आवश्यक नीति तर्जुमा मापदण्ड तर्जुमा गर्ने, एक सहकारी एक उत्पादन तथा सामुहिक सहकारी खेती प्रणाली कार्यक्रमलाई निरन्तरता दिने र संघसंगको समन्वयमा खाद्य वस्तुको गुणस्तर परिक्षण गर्ने प्रयोगशालाको स्थापना गर्न पहल गर्ने । यो हाम्रो अहिलेको महत्वपूर्ण कार्यक्रमहरु हुन् । माननीय सभामुख महोदय, अब म माननीयज्यूहरुबाट पेश गर्नुभएको जिज्ञासाको उपर म तपशिल बमोजिम आफ्नो विषय प्रष्ट पार्न चाहन्छु । एकमा मोडल फर्म - मोडल फर्मले नक्कलि किसान निरुत्साहित भै वास्तविक किसान उत्साहित भएको छ । बजेट अभावको कारण सबै माग निवेदन संलग्न गर्न नसके पनि आगामी दिनमा अनुदान सहयोग गर्नै पर्ने साना व्यवसायिक किसानहरुलाई प्रकृया बमोजिम जिल्ला स्तरीय कृषि ज्ञान केन्द्र तथा पशुपंक्षी विज्ञ केन्द्रबाट सहयोग गरिनेछ । यसमा दुरुपयोग भयोकी सबैलाई अनुदान दिन सकेन बजेट थोरै भयो या भनेजति धेरै रकम अनुदान प्राप्त गर्न सकिएन भन्ने सवालमा चिन्ता नगर्न माननीयज्यूहरुलाई म हार्दिक अनुरोध गर्न चाहन्छु । उसको खर्च गर्ने क्षमता र बजेट अनुसारको आवश्यकताको आधारमा मात्र आवश्यक बजेट पेश्की नदिई काम सम्पन्नताको आधारमा अनुगमन र मूल्याङ्कन गरी तिन स्थानमा

या पुन भुक्तानी बैङ्क मार्फत दिईने  व्यवस्था मिलाईएको छ । मोडल फर्मको उपलब्धि बारे मन्त्रालयबाट विवरण तयार गरिनेछ ।

कृषि ऋणमा ब्याज अनुदान सन्दर्भमा प्रश्न उठाउनु भएको छ । कार्यविधि निर्माण गरेर एकद्वार प्रणाली मार्फत एक वर्षको लागि बढीमा एक करोडको हकमा यो ऋण एक करोड सम्मको हकमा यो ऋण साठ्ठी करोड सम्म बजेटको लागि पाँच प्रतिशत ब्याज अनुदान दिने कार्यक्रम तय गरिएको छ । यो ब्याज अनुदान वास्तविक किसानको हकमा मात्र लागू हुनेछ जुन कृषि विकाश बैङ्कसंग एग्रिमेन्ट भैसकेकाले सो मार्फत कार्यान्वयन गरिनेछ । अर्को छ कृषि उत्पादनमा थप प्रविधि मैत्री बनाउनका निम्ति जो सुझाव आछ यसलाई हामीले कृषि तथा वन विज्ञान विद्यालयहसंग त्यहाँको विद्यार्थिले काम गर्ने गरी ईन्टन गर्ने व्यवस्था हामीले मिलाईएको छ । त्यसैले अब उत्पादनमा प्राविधिकहरुलाई हामीले त्यो ढङ्गले गर्न खोजेका छौ । बजेटको बारेमा कनिका छराई हुन्छकी भन्ने चिन्ता गर्नुभाछ मलाई लाग्छ यो बारेमा हामीले आवश्यकताका आधारमा अनुगमन गरी प्रकृया बमोजिम गरीनेछ ।

अर्को छ मुख्य मन्त्री जलवायु नमुना गाउँ कार्यक्रम योजना सही भएन भन्ने बारेमा माननीयज्यूहरुसंग सुझाव लिई जिल्ला स्थित समितिबाट अध्ययन प्रमाणिकरण गरी सुरुवात गरिएको हो । एक क्षेत्रमा कतिपय क्षेत्रमा बहु सांसद हुँदा सबैको माग सम्बोधन गर्न नसकेको तथ्य अनुरोध गर्दछु ।

कार्यविधि निर्माण तथा संसोधन सन्दर्भमा - कार्यविधिहरु मन्त्रालयबाट आवश्यकता अनुसार निर्माण गरिनेछ । विभिन्न समयमा राय प्राप्त राय सुझाव प्रति ध्यान दिईनेछ र थप सल्लाह सुझावको पनि अपेक्षा गरिन्छ । विगत सालमा निर्माण भएका कार्यविधिहरुको कमजोर मापदण्डहरु आवश्यकता अनुसार संसोधन गरिने गरी सरलिकरण गरिनेछ । सरकारी कार्यालय संचालन खर्च बढी भयो भन्ने सन्दर्भमा यो

सम्बन्धमा मन्त्रालय सहित सत्ताईस वटा कार्यालयलाई आवश्यक खर्च मात्र राखिएको छ अनावश्यक खर्च कटौति गरिएको छ । अनुसन्धानमूलक कार्यहरुको सन्दर्भमा मन्त्रालयबाट ठाउँ विशेषता र उत्पादन संभावना अध्ययनको लागि अनुसन्धान कार्य यसै वर्षबाट शुरुवात गरिनेछ । मन्त्रालयमा खर्च कमी देखाएको भन्ने बारेमा कुनै पनि योजनालाई पेश्की रकम नदिई यथार्थ खर्च हुँदा कमी देखिएको हो । यस वर्ष अनुमानित खर्च सत्तरी प्रतिशत सम्म आङ्कलन गरिएको छ । योजना आफ्नो मान्छेलाई छानी छानी दिन्छ दिएको छ भन्ने सन्दर्भमा यो सम्बन्धमा योजना वास्तविक किसानलाई छानेर मात्र प्रकृया बमोजिम योजना प्रदान गरिएको छ र आगामी दिनहरुमा गरिनेछ । सो समयमा अनुहार हेरेर वितरण गरिने छैन । गिद्ध रेष्टुरेन्टको बारेमा बजेट पनि प्रष्ट राख्नुभाछ । यो सन्दर्भमा कास्की जिल्लाको माछापुच्छ्रेको घाचोक भन्ने स्थानमा गिद्धहरुको आवागमन र बासस्थान रहेको छ । सो स्थानमा बुढी गाई तथा बुढो गोरुहरु व्यवस्थापनको निम्ति खर्च गरिनेछ । भूमिहिन सुकुम्बासी पहिचानको बारेमा प्रश्न उठाउनुभाछ गण्डकी प्रदेशबाट वास्तविक सुकुम्बासी कति छन् अव्यवस्थित कति छन् भन्ने  सन्दर्भमा बिना डाटा बोल्न नहुने हुँदा आधिकारीक डाटा लिनको निम्ति आवश्यक भएकोले परिचय पत्र बिस्तार गर्न खोजिएको हो जसले गर्दा आगामी दिनमा व्यवस्थापन गर्न सजिलो होस् । भूमिहिन सुकुम्बासी आयोगको सन्दर्भमा प्रदेश सरकारले कानून बमोजिम आयोग बनाउन सक्नेछ । त्यसको निम्ति हामीले पहल गर्नेछौं । कृषक कर हटाउन पर्छ भन्ने सन्दर्भमा कसो गर्नुभाछ यस बारेमा कृषक आय बार्षिक दश लाख भन्दा कम आय भएकोलाई कर हटाईएको छ तर दश लाख भन्दा माथीको हकमा  तहगत कर प्रणाली कायम गरिएको छ । यो प्रदेश सरकारको एकल अधिकार क्षेत्रमा पर्दछ ।

पन्ध्र नम्बर - बाझो जग्गा उपयोग बारे - भू-उपयोग नीति, ऐन, नियमावली, मापदण्ड, निर्देशिका र कार्यविधि तयार गरी बाझो जग्गा उपयोग, भूमी बैङ्क, जग्गा  लिज, करार

प्रणाली, आम चक्लाबन्दी जस्ता कार्यक्रम तयार गरिनेछ । माटो परीक्षण तथा उत्पादन सन्दर्भमा यसका लागि जिल्लास्थित कृषि ज्ञानकेन्द्रबाट मिनिल्याप तयार गर्ने कार्यक्रम छ भने प्रदेशमा एउटा माटो परीक्षण ल्याब छ । अभियानको रुपमा र मागको आधारमा समेत परिक्षण कार्यलाई अगाडि बढाईनेछ । नीति कार्यक्रम अनुसार बजेट अभाव भयो भन्ने यहाँहरुको जिज्ञासा छ यो सम्बन्धमा बजेट नीति कार्यक्रम अवस्था अनुसार प्राप्त भएको छ अझ आवश्यक परेमा अर्थ मन्त्रालयबाट थप बजेट माग गरी व्यवस्थापन गरिनेछ । साना सिञ्चाई बारे - सबै कृषि ज्ञानकेन्द्र मार्फत बढीमा तिन लाख सम्मको योजना मात्र छानेर सिञ्चाईमा कार्यान्वयन हुनेछ । बाँदर समस्या समाधानको बारेमा पनि प्रश्न उठाउनुभाछ यो बारेमा यो समस्या हल गर्न बन जङ्गलमा सम्बन्धित कार्यालयहरुबाट प्रयाप्त फलफूल रोप्ने कार्य र उत्पादन पछी यो समस्या समाधान हुन्छ भन्ने लाग्छ । केही स्थान विशेषहरुमा ईलोक्ट्रोनिक तरङ्गबाट धपाउन सकिने प्रविधि प्रयोगमा आईरहेको छ जसलाई ब्यापक गर्न जरुरी छ भन्ने ठानेका छौं । स्थानीय तहको सिमाना अद्यावधिक किन जरुरी हो भन्ने बारेमा प्रश्न उठाउनुभाछ बास्तवमा संघीय व्यवस्था अनुसार यो अगाडि बढिसकेको अवस्थामा संघीयता स्वत भैसकेपछी हिजोको गाविसहरु एक वा दुई वडामा विभाजित भयो । पालिकाहरु ठूला वा साना निर्माण भयो काहाँ कति क्षेत्रफल छ भन्ने विषय ठोस हुन आवश्यक छ । त्यसै गरी सडकको क्षेत्रफल छनौट निकाल्न अति आवश्यक भएकोले बाउन्ड्रि सर्भेलाई हामीले केन्द्र नापी विभागसंग एमएउ गरी शुरुवात गरी यस आ.व.मा नवलपुर र कास्की जिल्लामा सम्पन्न गरी आगामी आ.व.मा पनि निरन्तरता दिईने कार्यक्रम रहेको छ । रेशम मौरी र च्याउको सन्दर्भमा कास्की स्याङ्जा र तनहुँमा कार्यालय छन् ति कार्यालय मार्फत प्रदेश भरीनै यो कार्यक्रमलाई अगाडी बढाउने योजना बनाईएको छ । यहाँहरुले बास्केट बल बास्केट बजेट भनेर जो भन्नुभाछ बास्केट बजेट सन्दर्भमा के भन्न चाहन्छु भने यो बारेमा चालु र गत आ.व.मा मन्त्रालय मातहतका निकायहरुको संगठन संरचनाले पूर्णता नपाएको कारण अधिकतम बजेट स्वभाविकरुपले मन्त्रालय मातहत

थियो तर चालु आर्थिक वर्षमा पनि विभिन्न मातहतका निकायहरुले संरचनागत निर्माण सम्पन्न भैसकेपछी मन्त्रालयमा भएको कार्यक्रम तथा बजेट मातहतका निकायमा अख्तियारी पठाई कार्यक्रम संचालन भएको थियो । हाल सबै निकायबाट कार्य अगाडि बढीरहेको छ । आगामी आर्थिक वर्षमा मन्त्रालय मातहतका निकायहरु सबै निश्चित बजेट सिलिङ दिई योजना तथा कार्यक्रम तर्जुमा गर्न लगाईएको थियो । सोही अनुरुप मातहतका निकायबाट कार्यक्रम योजना पेश भएको छ त्यसकारण आगामी आर्थिक वर्षमा कार्यक्रमहरु समानुपातिक रुपमा जिल्ला केन्द्रित छन् । अन्तर मन्त्रालय सहित पच्चिस प्लस दुई सत्ताईस कार्यालयबाट कार्यक्रम कार्यान्वयन हुने गरी सबै कार्यालयलाई एकै चोटी बजेट विनियोजन गरिएको छ । कार्यक्रम योजना तर्जुमा गर्दा कृषि ऋण अनुदान दिने व्यवसायी, फर्म, कम्पनि, समूहलाई शुरुमै एकिन गर्न नियम संगत नभै प्रादेशिक महत्वका बाली वस्तुको व्यवसायीकरणको सम्भाव्यताका आधारमा कार्यक्रम योजना तर्जुमा गर्न उपयुक्त देखी सोही अनुसार मातहतका कार्यालयहरुमा बजेट एकिकृत गरिएको छ । सिञ्चाई कार्यक्रम कृषि मन्त्रालयको मातहत हुनुपर्छ भन्ने प्रश्न उठाउनु भएको थियो यो सन्दर्भमा आगामी आर्थिक वर्षमा साना तथा मझौला सिञ्चाई योजनाहरु भौतिक पूर्वाधार विकास मन्त्रालयसंग समन्वय गरी आवश्यक व्यवस्था गरिनेछ र अर्को एग्रो मनाङलाई पैसा दिनुभो भनेर यहाँ प्रश्न उठाउनुभाछ हामीले एग्रो मनाङलाई पनि पचास लाख अहिले बजेट विनियोजन गरेका छौं त्यो वास्तवमा हाम्रो प्रदेशको एउटा महत्वपूर्ण योजनाको रुपमा हामीले हेरीरहेका छौं र हामीले चाहन्छौं यो प्रदेशमा स्याउमा फलफूल क्षेत्रमा स्याउमा आत्मनिर्भर हुन सकिएला भनेर सोचिरहेका छौं र एग्रो मनाङ मार्फत आगामी दुई तिन वर्षको पिरियड भित्रमा एक एक वर्षमा आठ करोड के.जि. सम्म स्याउ उत्पादन गर्न सकिन्छ भनेर प्लानिङ गरिरहनुभाछ र हामीले त्यो क्षेत्रलाई तालिमको केन्द्रको रुपमा विकास गर्ने त्यहाँको प्रविधिको अध्ययन केन्द्रको विकास गर्ने र प्रदेश गौरबको एउटा महत्वपूर्ण आयोजना यो हुन सक्छ भन्ने मनसायले एग्रो मनाङको स्याउको त्यो बगैचालाई हामीले संरक्षण

गर्न तारबार गर्न त्यहाँ भनम्न यो सल्लाको फलेक मार्फत बार बारेको अवस्था छ । त्यसलाई व्यवस्थित ढङ्गले एउटा मजबुत बार निर्माण गर्नका निम्ति त्यो बजेट आवश्यक परेको हुनाले प्रदेशकै गौरबको योजनाको रुपमा बोध गरेर योजना छुट्टाएका हौं । कुनै व्यक्तिगत रुपबाट वितरण गरिएको होईन भनेर प्रष्ट पार्न चाहन्छु । माननीय सभामुख महोदय, म संक्षिप्तमा मन्त्रालय र विभिन्न कार्यालयबाट मातहतका कार्यालयबाट गर्ने कार्यक्रमहरु मात्र म यहाँ प्रस्तुत गर्न चाहन्छु । मन्त्रालयबाट गरिने कार्यक्रमहरु मुख्यमन्त्री वातावरण मैत्री कृषि नमूना गाउँ कार्यक्रम कोल्ड स्टोर निर्माण कृषि पकेट निर्माण गर्ने कार्यहरु एक सहकारी एक उत्पादन कार्य सहकारी महाशाखाबाट हुन्छ । स्थानीय तहको बाउन्ड्रि सर्भे नापी महाशाखाबाट जेनयुन चक्लाबन्दी र सामूहिक खेती नापी महाशाखाबाट गण्डकी काउ फार्म बोर्ड मार्फत एकिकृत बस्ति ल्याण्डपुलिङ गर्ने काम नापी महाशाखा मार्फत र पचास हजार स्याउ बेर्ना वितरण गर्ने कार्यक्रम र पकेट निर्माण गर्ने कार्यक्रम मन्त्रालयबाट  उन्नत बोका आयात गर्ने मन्त्रालयबाट कृषि ऋणमा पाँच प्रतिशत ब्याज अनुदान यसै कार्यालयबाट गरिब तथा विपन्न सुकुम्बासी पहिचान अध्ययन  सहकारी महाशाखाबाट आवश्यक कार्यविधि निर्माण गर्ने संसोधन गर्ने कार्य मन्त्रालयबाट गरिने छ आवश्यक ऐन, नियमावली, मापदण्ड, निर्देशिका, कार्यविधि हामीले मस्यौदा बनाउने कार्यहरु निर्माण गरिनेछ । अर्को कृषि विकास कार्यालयबाट गरिने क्रियाकलापहरु अदुवा प्रशोधन गर्ने कार्य दुईवटा अलग्गै भण्डारण वेट आवर्स एक कृषि औजार निर्माण एक वर्ड वुड सर्टिफिकेशन फलफूल उत्पादन कार्य कृषि बजार निर्माण कृषि  उपज संकलन केन्द्र र हाटबजारजन्य कार्य कोल्ड ड्रिङ्क गर्ने कार्य यसबाट हुनेछ । बाली संरक्षण प्रयोगशालाबाट बिभिन्न बालीको रोग परिक्षण र उपचार गर्ने कार्य गरिने छ  रेशमी कार्यालय तिनवटा जिल्लामा छन् । त्यसले रेशम मौरी र च्याउको उत्पादन कार्य गर्नेछ । माटो परिक्षण प्रयोगशाला ल्याब एउटा छ हामीसंग माटो तथा मल परिक्षण गर्ने  माटो उपचार गर्ने कार्यहरु गर्ने छ । कृषि व्यवसाय प्रवर्द्धन तालिम केन्द्र छ । यसले व्यवसायिक कृषक तथा कर्मचारीको तालिम

दिनेछ । पशु सेवा तालिम केन्द्रले पनि व्यवसायिक कृषक तथा कर्मचारीलाई तालिम दिनेछ । बिउ बिजन प्रयोगशाला छ हाम्रो अहिले चालु भएको छ अस्तिदेखी उद्घाटन भयो बिउ बिजनको गुणस्तर लेभलिङ गर्ने चेकीङ गर्ने काम यसले गर्नेछ पशुपंक्षी र यसबाट गरिने क्रियाकलापहरु निर्माण गरिने कार्यहरु सम्पन्न गर्नेछ । कृषि ज्ञानकेन्द्रबाट गरिने क्रियाकलापहरु कृषि पकेट र ब्लक कार्ययोजना गर्नेछ । साना सिञ्चाई साना मोडल फर्म, कृषि यान्त्रिकीकरण, ग्रिन हाउस निर्माण, प्राङ्गारिक खेति, प्राङ्गगारिक मल उत्पादन, मल माटो बिउको परिक्षण, पशुपंक्षी विज्ञकोबाट गरिने क्रियाकलापहरु, पशुपंक्षी तथा मत्स्य पकेट कार्यान्वयन, पशुपंक्षी उत्पादन यन्त्र वितरण, थ्रेस हाउस, साना मोडल फर्म, नश्ल सुधार, पशुपंक्षी मत्स्य उपचार, अस्पताल सेवा निर्माण गर्ने कार्यहरु पाडा पाडी तथा बाच्छा बाच्छी संरक्षण प्रवर्द्धन पशुपंक्षी खोप कार्यहरु यो काम विभिन्न जिल्लाहरुबाट गरिनेछ र मुख्य गरी हाम्रो टोटल बजेटको रुपमा हेर्दा माननीय सभामुख महोदय गण्डकी प्रदेश सरकारको आ.व. 076/077 को बजेट बत्तिस अर्ब तेह्र करोड चालिस लाख मध्ये हाम्रो भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको प्राप्त बजेट एक अर्ब सतसठ्ठी करोड र संघ सरकारबाट शशर्त अनुदानहरु पचहत्तर करोड रकम प्राप्त भएको छ । कुल बजेटमा शशर्त बाहेक शिलिङमा प्राप्त बजेट पाँच पोईन्ट उन्नाईस प्रतिशत छ भने शशर्त सहित जोड्दा कुल बजेटको सात पोईन्ट पाँच प्रतिशत हुन आउँछ र हामीले अहिलेको चालु आर्थिक वर्षमा कृषि मन्त्रालयबाट बेरोजगारहरुको निम्ति पहल भयो भन्ने सन्दर्भमा संसदिय चाहन्छु । यो सम्बन्धमा चालु आर्थिक वर्षमा स्वरोजगार प्राप्त प्रत्यक्ष लाभग्राही घर तथा व्यक्तिहरु नौ हजार चार सय सन्ताउन्न देखिएको छ । सामूहिक उत्पादन लाभग्राहीहरु सामूहिक उत्पादन कार्यमा सहकारी संस्थाहरु मिलेर गरेको तिस सामूहिक क्रियाकलापहरु गर्ने संस्थाहरु एक सय बाउन्न वटा छन् । संस्था वा समूह छन् र प्रत्यक्ष लाभ लाभान्वित संख्या सतचालिस हजार दुईसय पचासी जना देखिएको छ । म यति कुरा यहाँहरु समक्ष

अनुरोध गर्दै सोही माननीयज्यूहरुको सुझाव प्रति हार्दिक धन्यवाद दिदै बिदा चाहन्छु । हस धन्यवाद नमस्ते ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अबको छलफलमा, विनियोजन विधेयक, २०७६ अन्तर्गत, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित विभिन्न शिर्षकहरुमा छलफल हुने व्यहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहानुहुने सम्पुर्ण माननीय सदस्यहरुलाई छलफलको लागी १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु । सर्वप्रथम, माननीय सदस्य श्री कृष्ण बहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री कृष्ण बहादुर थापा

माननीय माननीय सभामुख महोदय, अहिले हामी यो विनियोजन विधेयक २०७६ माथि छलफल सुचारु हुने क्रममा उद्योग, पर्यटन तथा वन मन्त्रालयसंग सम्बन्धित शिर्षकमा हामी छलफलमा छौ । विशेषत प्रदेशको समृद्धिको मुख्य आधार पहिलो विषयको रुपमानै हामीले पर्यटनलाई रोजेका छौ र यो मन्त्रालय अन्तर्गत हामीले विनियोजन गरेको यो बजेटको तेश्रो ठूलो बजेट यसमा राखिएको छ । दुई अरब बयालिस करोड असी लाख रुपियाँ यहा विनियोजन गरिएको छ र यो तेश्रो ठूलो बजेटको कारणले पनि हामी सबैले के महशुश गर्न सक्छौ भने यो मन्त्रालयको एकदमै महत्वपूर्ण भूमिका छ र गण्डकी प्रदेशको समृद्धिको लागि हाम्रो केन्द्रीय सरकारले तय गरेको सुखी नेपाली समृद्ध नेपाल बनाउने जुन एउटा मूल ध्येय छ त्यसलाई आत्मसात गरेर सम्पूर्ण गण्डकी प्रदेशका जनताहरुको जनजीवनलाई माथि उठाउने र जुन हाम्रो लक्ष्य छ आगामी दुई वर्ष पछाडि हाम्रो अवधि भरमा अहिले भैरहेको पर क्यापिटालाई बढाएर हामीले पच्चिस सय डलर पुर्याउने जुन योजना छ त्यसको लागि यो मन्त्रालयमा विनियोजित गरेको

बजेटको महत्वपूर्ण भूमिका हुन्छ र यो मन्त्रालयको महत्वपूर्ण भूमिका हुन्छ भन्ने विश्वास हामी सबै उपस्थित यस सम्मानित सभाका सदस्यहरुले गरेका छौं । तसर्थ हामी सबैलाई के विश्वास छ भने बजेटमा जसरी तेश्रो ठूलो बजेटको रुपमा यहाँ विनियोजन गरिएको छ र यसले आगामी दिनमा दिने सेवा प्रवाहहरु र गण्डकी प्रदेशका सबै निर्वाचन क्षेत्रहरुलाई पर्यटन वन र वातावरण अझै विशेषत पर्यटनका क्षेत्रहरुमा केन्द्रीत भएर काम गर्ने हामी सबैलाई विश्वास छ । तसर्थ म एउटा माननीयको हैसियतले र म सम्बन्धित हाम्रो पार्टी नेपाल कमन्युष्ट पार्टीको तर्फबाट यो मन्त्रालयले प्रस्तुत गरेका सबै बजेटहरु सबै यसका योजनाहरु र यस प्रति पूर्ण समर्थन रहेको म जानकारी गराउन चाहन्छु र समर्थन मात्रै हैन हाम्रो तर्फबाट मेरो तर्फबाट हाम्रो पार्टीको तर्फबाट कार्यान्वयनमा पनि पूर्ण सहयोग हुने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । सभामुख महोदय, यति हुदाहुदै पनि हामीले विगतका अनुभवबाट के सिकेका छौं भने हाम्रा जुन जुन शिर्षकमा बजेटहरुको व्यवस्था हुन्छ तर हाम्रा परम्परागत प्रणालीहरुलाई हामीले छोड्न सकेका छैनौं फेरी त्यो परम्परागत प्रणालीहरु यथावत छन् तसर्थ आगामी दिनमा हामीले दिगो लक्ष्य प्राप्तिको लागि यी कुराहरुलाई छोडेर अगाडि  बढ्नु पर्ने आवश्यकता छ भन्ने तर्फ पनि म औल्याउन चाहन्छु र सभामुख महोदय, र विशेष गरेर पर्यटनलाई दिगो रुपमा हामीले कसरी व्यवस्थित गर्ने भन्ने बारेमा स्वभाविक सबै सम्मानित सभासदहरुको पनि त्यत्तिकै महत्वपूर्ण भूमिका हुने गर्छ र अब बजेटको तौर तरिका र बजेटमा विनियोजित गरिएका शिर्षकहरु सर्रर हेर्दा पढ्दा हामीले विगतमा जुन प्रतिवद्धता व्यक्त गर्यौं हामी अवण्डा बजेट राख्दैनौ बास्केटमा बजेट राख्दैनौ अझै अर्थ मन्त्रीज्यूले त्यो भन्दा माथि उठेर यो गरिमामय हाम्रो यो सम्मानित सभामा के व्यक्त गर्नुभो भने योजना त्यसपछी बजेट हामी तय गर्नेछौ र अरु काम हामी गर्दैनौ भनेर भन्नुभएको छ । तसर्थ हामीलाई फेरी पनि के विश्वास गर्छौं भने भनाई अनुसारनै गराई हुनेछ भन्नेमा हामीलाई अहिले पनि विश्वास छ तर सरसर्ति बजेटको पुस्तिका पढ्दा कता कता फेरी केही समस्याहरु आउँछनकी केही चुनौतिहरु आउँछनकी भन्ने छ त्यस तर्फ हामी सबै

सजगतापूर्वक अगाडि बढनु पर्छ भन्ने मलाई लाग्छ र मूलत पर्यटनको बजेटलाई हामीले जहाँ पर्यटनको धेरै विकास भाको छ त्यो क्षेत्रमा केन्द्रीत हैनकी यसलाई विशेष गरेर पिछडिएको क्षेत्र ग्रामिण क्षेत्रहरु विशेष गरेर ग्रामिण पर्यटनहरु र त्यसलाई प्राथमिकतामा राखेर अगाडि बढाउन ठिक हुन्छ र यसरीनै हामीले यो चुनौतिको सामना गर्न सक्छौ भन्ने मलाई लाग्छ र सभामुख महोदय, जस्तै हामीले विगतमा पर्यटनको कुरा गर्दा हामीले होमस्टेलाई एकदम व्यापकता दिएउ तेल्लाई हामीले एउटा प्राथमिकतामा  राख्यौ तर हाम्रो मोडल के हो अहिले पनि हाम्रो कुन मोडलमा हामी त्यो कामहरु गर्दैछौ अथवा हाम्रो लगानि ठ्याक्कै त्यसले प्रतिफल वास्तविक हाम्रा लक्ष्यित समुदायले पायो कि पाएन त्यो बारेमा पनि आगामी दिनमा ख्याल गर्न जरुरी छ । अब मलाई के लाग्छ भने अब हामीले धेरै छिमेकी मुलुकबाट सिक्न पनि सक्छौ हामीले आफ्नै मोडल तय गर्न पनि सक्छौ । सरसर्ति मैले देखेको अनुभवमा सिक्किम हाम्रो एउटा छिमेकी हाम्रो एकदमै सिमाना रहेको हाम्रो आफ्नो त्यो छिमेकी ठाउँ हो । हामीलाई जान पनि सजिलो र राम्रो धेरै सभासदहरुलाई मन्त्रीज्यूले पर्यटन मन्त्रीज्यूले लिएर जानुभयो भने अति उत्तम अब भएन भने पनि मन्त्रीज्यू अब आफै एक्लै गएर त्यो मोडल हेरेर मलाई लाग्छ त्यो सिक्किमको होमस्टे मोडल हाम्रो लागि एक खालको राम्रो हुन सक्छकी भन्ने लाग्छ अब त्यो सबै कुरा मलाई पनि ज्ञान नहुन सक्छ मैले जे देखे त्यो कुरा मात्रै मैले यो सम्मानित सभामा शेयर गर्न खोजेको र अर्को कुरा अब सभासदहरुलाई स्वभाविक के आशा हुन्छ भने मेरो योजना दिन पाए मन्त्रालयले योजना मागिदिए मन्त्रीज्यूले यसो बोलाएर सल्लाह गरिदिए योजनाहरु दिएका योजनाहरु परिदिए अब त्यो स्वभाविक यो सभासद भन्ने जुन पद र सभासद भन्ने व्यक्तिहरुको  त्यो एउटा स्वभाविक चाहना हुन्छ । अब मागेपछि  लगेर योजना दिने अब त्यो योजना फेरी नपर्दा खेरी यही सदनमा आएर फेरी त्यो अनुनय विनय रोई कराई गर्नुपर्ने अवस्थाको सिर्जना कमसेकम एकदम सकभर हुदै नहुँदा राम्रो अब हैन भने पनि तेल्लाई एकदम न्यून गर्दा राम्रो हुन्छ । त्यसतर्फ पनि हाम्रा चुनौतिहरु छन् त्यसमा ध्यान दिन जरुरी

छ भन्ने मलाई लाग्छ । अब अहिले हामीले पर्यटनको राजधानी हाम्रो प्रदेशको राजधानी पोखरा भनेका छौ । त्यसको पनि राजधानी लेकसाईड भनेका छौ तर अहिले पनि त्यहाँको दुर्दशा यहाँहरु गएर हेर्न सक्नुहुन्छ । लेकसाईड केबल एउटा कंक्रीटको जङ्गलमा परिणत हुदैछ । मलाई लाग्छ अबको पन्ध्र बिस वर्ष पछाडि त्यो बस्न लायक ठाउँ नहुन पनि सक्छ त्यसको अझै रिसर्च बाँकी छ तर सरसर्ति हेर्दा दृश्य त्यो देखिन्छ यदि हामीले साच्चिनै तेलाई एउटा पर्यटनको हब बनाउने हो भने अहिले पनि त्यहाँ अरबौ रुपैयाँको आवश्यक छ । करोडले हुँदैन अहिले पनि राम्रो बसपार्क छैन राम्रो गएर बस्ने पार्क छैन पर्यटकहरु गएर बस्ने अहिले पनि लेकसाईडका अधिकांश होटेलहरुको जुन होटेलबाट निक्लिने बाथरुमका जुन फोहोरहरु छ तेल्लाई एक खालको व्यवस्थित गर्ने अहिले पनि त्यो योजना बनिरहेको छैन । अब बाथरुमको ट्वाईलेटको त अझ झन ठूलो समस्या छ धेरै सिपेज भएर एक खालको तालमा गैरहेको अवस्था पनि छ त्यसको लागि पनि एउटा बृहत योजना आवश्यक छ र अहिले पनि यो बजेटमा हेर्दा अब फेरी पनि मैले यो सम्मानित सभामा बाध्यतापूर्वक के भन्दैछु भने यदि कास्कीलाई हामीले हाम्रो राजधानीलाई सिङ्गो पर्यटनको राजधानीनै बनाउने हो भने हामी त्यसतर्फ हाम्रा भनाईहरु पटक पटक भनिरहेका र तेलाई बास्तविकतामा परिणत गर्ने हो भने अहिलेको बजेटको व्यवस्थाले त्यो हुन सक्दैन किनभने कास्की सरसर्ति हेर्दाखेरी मैले अस्ति पनि  भने सिङ्गो बजेटको एकदम न्यून तेस्रोमा भएको र अहिले यो हाम्रो पर्यटन वन वानावरणको कुरा गरिरहँदा पनि बजेट एकदम न्यून छ त्यस तर्फ म ध्यान आकर्षण गराउन चाहन्छु । सभामुख महोदय, अब यो पर्यटन अब कस्तो छ भने सबै मन्त्रालयसंग यसको लिङ्क के छ के अब यो यो आफैमा  यो मात्रै छैन अब तर तेल्लाई कसरी व्यवस्थित गर्ने त्यो पनि हाम्रो एउटा आगामी दिनमा हाम्रो योजनाहरु बन्दा ठीक हुन्छकी भन्ने लाग्छ । जस्तै कास्कीकै कुरा गर्दा हामीसंग केही ठाउँहरु छन् हामीले तेल्लाई व्यवस्थित गर्न सक्छौं । कोमागाने मितेरी पार्क छ त्यो अलपत्र पर्या छ तेल्लाई हामीले व्यवस्थित गर्न सक्थ्यौ । बसुन्धरा पार्क जग्गा छ अव्यवस्थित

छ हाम्रो पर्यटनसंग सम्बन्धि छ तेल्लाई गर्न सक्छौ । हाम्रो पर्यटन मन्त्रालयसंग सम्बन्धित अब जुन तारा गाउँ रिसोर्टका धेरै जग्गाहरु छन् त्यो पनि अलपत्र छन् । तेल्लाई व्यवस्थित गर्न सक्छौ जस्तै वडा नम्बर पन्ध्रकै टुटुङ्गामै जग्गा छ तेल्लाई हामीले व्यवस्थित गर्न सक्छौ । लेकसाईडमै जग्गा छ तेल्लाई व्यवस्थित गर्न सक्छौ र पर्यटनसंगै सम्बन्धित हामीसंग अहिले पनि अत्याधुनिक बसपार्क छैन पृथ्वीचोकमा जग्गा अतिक्रमण गरिएको छ । जग्गा अतिक्रमण भएको छ त्यसको व्यवस्थित गर्न सक्छौ र त्यसको साथसाथै अन्तराष्ट्रिय विमानस्थल बनिसके पछीका हाम्रा आवश्यकताहरु प्रशस्तै छन् तेल्लाई व्यवस्था गर्नुपर्ने छ । लामेआहालमा जग्गा लिईएको छ त्यो पनि अलपत्र छ । यो सबै पर्यटनसंग सम्बन्धित कुरा भको हुनाले आगामी दिनमा त्यो बजेटमा त्यो व्यवस्था गरेर यल्लाई व्यवस्थित गर्न जरुरी छ र त्यसको साथसाथै हामीले छिमेकी मुलुकहरुबाट पनि धेरै कुरा सिक्न सक्छौ ।अब ( सभामुख- मा. सदस्य समय सकियो ) ईण्डियाकै कुरा गर्ने हो भने दिल्लीमा रक गार्डेन छ मिल्केका उ हरुबाट बनाईएको छ त्योबाट हेर्न सक्छौ । चाईनाकै कुरा गर्ने हो भने माओत्सेतुङले जन्मेको घरलाई त्यहाँ आज लाखौ पर्यटनहरु जाने ठाउँ बनाईएको छ । ( सभामुख- मा. सदस्य समय सकियो ) चाईनाले त चिनिया चिनिया कम्युनिष्ट पार्टीको बैठक भएको घरलाई पर्यटनको रुपमा लिएको छ । थाईल्याण्डको कुरा गर्ने हो भने पर्याको छुट्टै पर्यटनको क्षेत्र छ फुकेटको छुट्टै छ च्यालमाईको छुट्टै छ एवम् रितले धेरै देशका हामीले त्यो अनुभवहरु लिन सक्छौ र त्यस तर्फ हाम्रो मन्त्रालय र हाम्रा बजेटहरु केन्द्रीत हुदैछन् र फेरी पनि म जोड दिएर भन्न चाहन्छु । कास्कीको लागि अपुग छ यसलाई पुर्नबिचार गरियोस भन्ने पनि म यो सम्मानित सभामा सभामुख मार्फत सम्बन्धित मन्त्री र मन्त्रालयलाई जानकारी गराउन चाहन्छु र यति भन्दा भन्दै पनि यो बजेट प्रति यो

( सभामुख- मा. सदस्य समय सकियो )

नीति प्रति म र मेरो पार्टीको पूर्ण रुपमा सहयोग र समर्थन रहने कुरा जाहेर गर्दै बिदा हुन चाहन्छु धन्यवाद ।

## माननीय सभामुख

श्री डोवाटे विश्वकर्मालाई छलफलमा म भाग लिन समय दिन्छु ।

## माननीय श्री डोवाटे विश्वकर्मा

सभामुख महोदय, आज हामी २०७६/०७७ को बजेट सन्दर्भमा उद्योग बन तथा पर्यटन मन्त्रालयसंग सम्बन्धित बजेटहरुसंग छलफल गरिरहेका छौ । निश्चय पनि हामीले यो बजेटको छलफल गरिरहँदा गत वर्षका बजेटहरु कसरी खर्च भए किन खर्च हुन सकेनन् कहाँ कहाँ अनियमितता भाको छ कहाँ तेल्लाई तेस्ता समस्याको समाधान के गर्नि भन्नि कुरालाई पनि हामीले तेल्लाई समिक्षा गर्नु पर्छ भन्नि मलाई लाग्दछ । यसै सन्दर्भमा मैले के राख्न चाहे भने जस्तै यो कुमाल दलितहरु र अन्य जाती भनिएको छ यहाँ परम्परागत शिपको लागि भनेर जुन बजेटहरु छुट्टिएको छ पहिला नीति र कार्यक्रममा कुमाल र दलितहरु मात्रै भनिएको थियो अहिले फेरी यो अन्य भन्नि यो कसरी आयो यी शब्दहरु वा र अन्य भन्नि धेरैतिर लाग्नि शब्दहरु हुन् जस्तो लाग्छ मलाई त्यस कारणले फेरी यो अन्य भनेर कोकोलाई जोड्न खोजिएको हो यो आलि क्लियर भए हुँदी राम्रो हुन्थ्यो भन्नि मलाई लाग्छ किनभने यसले भाषा त लिन्छकी भन्ने लाग्दछ बरु यो यो जात भनेर बरु तेल्लाई क्याटागोरी गरेर तेल्लाई राखिदिनुभा हुँदी तेल्ले प्रष्ट हुन्थ्यो भन्नि मलाई लाग्छ । आर्को यो अति विपन्न गरिबलाई दश जानालाई हुनि गरी साँझ सुविधा केन्द्र स्थापना गर्नि भनिएको छ अब यो केन्द्र स्थापना गर्नि भनेको ठाउँमा यो बजेट एकै ठाउँमा जति राख्न परो एकै ठाँ राख्या भए हुन्थ्यो जस्तो लाग्छ त्यहाँ नौ दशवटा ठाममा यो विभिन्न ठाममा राखिएको छ । किन हो यो नौ

दश ठाउँमा राख्न परेको फेरी कुन जिल्ला कि यो नौ दश  जिल्ला भनेर राखीसकेसी यो यो जिल्ला भनेर तोकिया  भानि हुन्थ्यो । त्यस्तो जिल्ला पनि तोकिएको देखिदैन । त्यसकारणले यो नौ दश सम्म राख्न पर्नि कारण के हो बुझिएन यल्ललाई पनि अब प्रष्ट पारिदिनुहोला भन्नि म आग्रह गर्न चाहन्छु र जस्तै यो मोटरसाईकल देखि इन्धनका लाई पनि थुप्रै ठाउँमा डबलिएर पर्याछिन् यो बजेटहरु त्यही इन्धनको लाई पनि कमसेकम बजेटहरु राख्दा बरु एकै ठाममा एकैमुष्ठ राख्दा खेरीया हुन्थ्यो । धेरै ठाउँमा राख्न परेको कारण के हो यो पनि अलिकति प्रष्ट पार्दिनुहोला भन्नि मैले आशा गरेको छु र यो फलफूल फलफूलको विरुवा उत्पादन वितरण वृक्षारोपणको लागि भनेर यो जुन बजेट छुट्टिएको छ यति ठूलो बजेट यो बजेट यो अनुदानमा दिने होकी अब यो बेचबिखन गर्न खोजिएको हो अनुदान पनि भनिएको छ बिरुवाको सय रुपियाँ पनि भनिएको छ यसको यथार्थ के हो यल्लाई पनि अलि क्लियर पार्दिनको लागि म आग्रह गर्न चाहन्छु । सभामुख महोदय, मैले यहाँ थोरै कुराहरु यहाँ जोड्न चाहे अब हामीलाई निश्चय पनि हामी सपैको लागि दुःख छ हामीले दुःख पनि प्रकट गरिसकेका छौं । रबिन्द्र अधिकारी जुन दुर्घटना परेर वहाँको निधन भयो तेल्ले हामीलाई सिङ्गो सदनलाई दुःखित तुल्लाएको छ र वहाँलाई हामीले सम्मान श्रदा पनि व्यक्त गर्न पर्छ तर यो जुन रबिन्द्र अधिकारी चुन गुफाको लागि भनेर जसरी यो साठी लाख रुपियाँ यो छुट्टिएको छ यसको आधार र मापदण्ड के हो वहाँलाई हामीले शहिद घोषणा गर्न खोजेका छमकी अथवा वहाँलाई कुनै सम्मान  गर्न यसरी दुर्घटनामा निधन भएका कारणले वहाँलाई सम्मान गर्न खोजेका छमकी यसको आधार र मापदण्ड के हो त्यसकारणले गर्दा खेरीमा यसलाई पनि क्लियर गरेर यो बजेटको अलिकति जुन छुट्टिएको छ यसमा आलि क्लियर भैदियो भने सजिलो हुनिथियो नत्रभने अब यो कसरी यसको मापदण्डहरु के हो यलाई अलिकति क्लियर पार्दिनको लागि मैले आग्रह गर्न चाहे र अर्को यो यो कार्यालय भवनको लागि भनेर जसरी हुन्छ कार्यालय भवन काहाँ काहाँ कुन कुन जिल्लामा होकी अथवा यो पोखरामै होकी केहो यो बजेटहरु छुट्टिएको यसलाई पनि क्लियर पार्दिनको

लागि मैले आग्रह गरे । आर्को यो जुन यो पचैया प्लानिङ उद्यमलाई भनेर जुन पैसा चार करोड साठी लाख रुपियाँ छुट्टिएको छ यसको डिपिआर र यसको प्लानिङ तयारी मत्रै भनेर बजेटहरु छुट्टिएको छ कुनै त्यसको उ गर्न यत्रो पैसा चार करोड साठी लाख रुपियाँ त्यो प्लानिङ र डिजाईन गर्न मत्रै यति ठूलो बजेट आवश्यक किन पर्यो यसले कतै त्यसमा चुहावट हुने सम्भावना बढी होकी तेल्लाई एउडा हाम्ले त्यो डिजाईन इस्टिमेट त्यसको प्लानिङ तयारी गरेर मत्रै हामीले बजेट छुट्टायाउँदा खेरीमा तेले कतै जे हामीले उद्देश्य गर्न खोजेको त्यो उद्देश्य भन्दा पनि बिपरित जानी होकी भन्नि लाग्नि त्यसले गर्दा खेरीमा पनि यो एउडा शंखाको घेरा परेको कुरा मैले यहाँ आग्रह गर्न चाहे र आर्को यो जुन यो साझेदारी बन ब्यबस्थापनको लागि ब्यबस्थापनलाई भनेर पचास लाख रुपियाँ छुट्टाईएको छ यस बन ब्यबस्थापनको लाई भनेर जुन नवलपरासी जिल्लामा जिल्लाको लागि मत्रै भनेर यति धेरै पैसा बन ब्यवस्थापन समितिको लागि लाग्नि होकी अथवा यो किन यसरी राखियो यल्ले के भन्दा खेरीमा यस्तै खालका अनुगमन अथवा डिपिआर अब बन ब्यवस्थापन यस्तै खालका बजेटहरुले गर्दा खेरीमा यल्ले कतै लिक र चुहावट हुनि खालको वातावरण सिर्जना हुन्छकी यसको लागि पनि कमसेकम यसको राम्रो जवाफ आउला भन्नि खालको यथार्थ जवाफ आउला भन्नि अनुरोध गर्न चाहन्छु र बास्तबमा हामीले गत सालमा बजेट विनियोजन गरेका बजेट लगानी गरेका बजेट र आगामी सालमा हुनी बजेटहरुलाई पनि त्यसको मूल्याङ्कन त्यसको अनुगमन त्यसको कार्यान्वयन बिचारत कमसेकम हाम्ले अनियमिततालाई रोक्नका लाई पनि अनुरोध गर्दै बिदा हुन्छु धन्यवाद जय नेपाल ।

## माननीय सभामुख

माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री पियारी थापा

माननीय सभामुख महोदय, आज हामी विनियोजन बिधेयक २०७६ अन्तर्गतको यो उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक कार्यक्रम अन्तर्गत शिर्षक वाईज छलफलको क्रममा जुटेका छौं । सबैभन्दा बढी योजनाहरु डुब्लिकेशन हुने र मन्त्रालय पनि यही हो भन्ने मलाई लागेको छ । एउटै शिर्षकका योजनाहरु कैयन पेजमा दोहोरिएका छन् त्यसकारण डुब्लिकेशनको ह्याट्रिक यही मन्त्रालयले पाएको छकी भन्ने मलाई लागेको छ । विकास कार्यक्रमको बुकलेट यति ठूलो र भद्दा हुने एक मात्र कारण पनि यो होला के के शिर्षकका योजनाहरु डुब्लिकेशन भए म त्यो भन्नेतिर समय खेर फालिन । तपाई हाम्रो सबैको हातमा त्यो बुकलेट पनि छ तपाईं हामीले सो अध्ययन पनि गरिसकेका छौं र हामीलाई त्यो पुरै पूर्ण रुपमा थाहा पनि छ । हामी योजनाहरु बुझाउन जाने सन्दर्भमा मन्त्रीज्यूले मठ मन्दिर त सामाजिक विकास मन्त्रालयको हो भन्नुभाथ्यो हामी होलातनि भनियो तर बाँकि यो विकास कार्यक्रममा आउँदा हामीलाई अचम्म बनाए । मठ मन्दिर गुम्बा त यही मन्त्रालयबाट पो विन्यास गरिएछ अनि मन्त्रीज्यूले सरीआम झूट बोल्नुपर्ने बाध्यात्मक परिस्थिति कसरी सिर्जना भयो होला यो पनि हामीले जान्न चाहिरहेका छौं । अब म विषय प्रवेश गर्ने अनुमति चाहन्छु । पेज नम्बर ३७ मा ३१११२ मुस्ताङ जिल्ला भनेर भवन निर्माण भनेर बजेट राखिएको छ लगभग पचास लाख राखिएको छ । यो यो मन्त्रालयगत मन्त्रालयको क्षेत्र अधिकार भित्रको कुरा हो की होईन यो पनि स्पष्ट पारिदिनका निमित्त अनुरोध गर्न चाहन्छु किनभने हामीले बुझेको अनुसार जाने अनुसार भवन निर्माण भन्ने भौतिक पूर्वाधार मन्त्रालयबाट गरिन्छ होला एउटा शिर्षक अति गरिब परिवारहरुका लागि कम्तिमा दश जनाको लागि हुने गरि साझा सुविधा केन्द्रको स्थापना भनिएको छ यो सुविधा केन्द्रको स्पष्ट परिभाषा के हो के यसले लक्षित वर्गलाई लाभान्वित गर्न सक्छ कस्तो अवस्थामा यसको प्रयोग हुनी हो यो स्पष्ट यो पनि स्पष्ट पारिदिनका निमित्त म मन्त्रीलाई अनुरोध गर्न चाहन्छु । सरकारले तत्काल आफ्नै स्वामित्वमा एक दुईवटा ठूला उद्योग सञ्चालन गरी रोजगारी दिने प्राबधान ल्याउन किन सकेन ? नीजि क्षेत्र

भन्दा पनि व्यक्तिगत तवरले खोलेका उद्योग उद्योगहरुलाई नगद अनुदान मात्रै दिने काम सही होईन । यसले बेरोजगारी दर घटाउँदैन घटाउन सक्दैन यसले मोनोपोली बढाउँछ । प्रोफिट ओरियन्टेड उद्योगहरुले जनताका तमाम आकांक्षालाई मिट गर्न सक्दैन तसर्थः सरकारले आफ्नै लगानीमा उद्योग खोलेर रोजगारी प्रदान गर्ने कामलाई बढावा दिनुपर्छ । व्यक्तिगत तवरले दिईने यस्ता अनुदान कार्यकर्ता पोस्नु भन्दा बाहेक ठूलो केही हुँदैन । केही नभा कही नभाको जात्रा हाँडीगाउँमा भनेझै पर्यटन प्रवर्द्धन गर्ने भन्ने नाउँमा जुन प्रकारको रायहरु विचारहरु सरकारको तर्फबाट बजारमा हल्ला पिटिएको छ यसको नेपाली समाज र रीतिथिति र संस्कृतिसंग कस्तो खालको सामाञ्जस्यता छ एकातिर होमस्टेलाई प्रवर्द्धन गर्ने र यसैका माध्यमबाट पर्यटनलाई प्रवर्द्धन गर्दै जाने उद्देश्य गण्डकी सरकारले लिएको छ र यसका लागि मोटो मोटो रकम योजनाहरु यसका लागि लगानी गरिरहेको छ भने अर्कोतर्फ ईन्जोय जोन र क्यासिनो सञ्चालन गर्ने जस्ता अति विवादास्पद विषयवस्तुलाई ल्याउँदा अब के गण्डकी प्रदेशले प्रदेश सरकारले नेपाली गुनियो चोलोबाट पर्यटन प्रवर्द्धनको पर्यटन प्रवर्द्धनमा खास उपलब्धि नदेखेकै हो त ?म प्रश्न गर्न चाहन्छु यसले नेपाली समाजको सचित्रलाई कुन रुपले अपब्याख्या हुँदैछ सम्बन्धित निकायको ध्यान जाओस । पेज नम्बर २९, ३९को २२५११ मा सामुदायिक वन व्यवस्थापन स्थलगत अभ्यास तथा तालिम भनेर रकम विन्यास गरेको रहेछ । यो कत्तिको जाहेज र आवश्यकता हो त्यसै गरी उक्त पेजमै २२,५,२२ र ५,१,१२ को शिर्षकहरु एउटै कामका लागि स्थलगत अभ्यास वन व्यवस्थापन जस्ता शब्दहरुको थपघट गर्दै एउटै शिर्षकलाई बजेट विन्यास भएछ यसले चोर दुलोलाई चोर दुलोको योजनालाई प्रश्रय दिएन र मन्त्रीज्यू यसै गरी २२, ५, २२ मै बन डढेलो सामाग्री खरीद भनेर शिर्षक छुट्टाईएको छ यो अलि मिलेनकी बन डढेलो भनेर त बन डढेलो सामाग्री खरिद भनेर त डिजेल पेट्रोल सलाई अन्य प्रज्वलनशिल वस्तुहरुलाई अर्थ्याउछ होला शायद त्यसकारण पनि यसमा वन डढेलो

नियन्त्रण सामाग्री भनेर भन्नुपर्छ होलाकी मैले यो सुझाव दिन चाहन्छु र मैले आफ्नो भनाईहरु यहीं अन्त गर्ने अनुमति चाहन्छु  धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री मधुमाया अधिकारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय श्री मधुमाया अधिकारी गुरुङ

माननीय सभामुख महोदय, हामी आज उद्योग, पर्यटन, वन तथा वातावरण बजेट शिर्षकमा छलफल गर्न गैराखेका छौं र यहाँ पूर्ववक्ता मित्रहरुले धेरै विषयवस्तु राख्नु भको छ र केहि यो अध्ययन गर्दै जाँदाखेरी केही विषय शब्दहरु छनौट गर्ने कुराहरुमा समस्याहरु छन् तेलाई सुधार गर्नपर्ने देखिन्छ । मैले यहाँ धेरै विषयवस्तुहरु आएका छन् गण्डकी प्रदेशको पहिलो आधार भनेको पर्यटन हो । हामीले त्यसलाई मूल विकासको थलो मानिराखेका छौं र यसलाई अब होमस्टे संचालन गर्ने वन पाटीकाहरु बनाउने  हरेक कुराहरु छन् र मैले के देखिराखेको छु भने यहाँ मैले धेरै विषयवस्तुहरु बोल्न गैराखेको छैन दुई तिनवटा सुझावको हिसावले मात्रै विषयवस्तु राख्नेछु । पहिलो कुरो हामीले हाम्रो गण्डकी प्रदेशमा कतिवटा उद्योगहरु हिजो संचालनमा थिए अथवा संचालनमा छन् र छैनन् त्यो एघारवटै जिल्लामा भएका उद्योगहरुको अध्ययन अनुगमन र निरीक्षण अथवा त्यसको के काम भैराख्या छ भन्ने कुराको खोजी अथवा पहिचान गरौं भन्ने लाग्छ एउटा कुरो अर्को कुरो जुन ठाउँमा हाम्रो गोरखादेखी नवलपुरसम्मको जुन भूगोल छ त्यसको त्यसलाई मिट खाने उद्योग के हो हामीले लमजुङमा एउटा उद्योग संचालन गर्यौं भने मुस्ताङमा त्यही उद्योग संचालन गर्न नसकिने स्थिति हुन सक्छ । त्यसकारणले भूगोलको पहिचानहरु गरेर त्यसको त्यो अनुसारको उद्योग संचालन गर्न सक्यौं भने वास्तवमा हामीले खोजेको समृद्धि अथवा विकास सम्भव छ भन्ने लाग्छ र पर्यटकीय हिसाबले म अहिले  भर्खरै हिजो मात्रै म चिनको एउटा कुन्मिङ भन्ने प्रान्तमा गए त्यहाँ

एउटा पर्यटक गाउँमा गए हामीले धेरै गाउँहरुमा धेरै गाउँहरुमा पर्यटन मेरो गाउँमा पनि पर्यटन अर्को गाउँमा पनि होमस्टे अर्को गाउँमा पनि होमस्टे सबै गाउँमा होमस्टे मैले के अनुभूति गरे भने यो बेकार रहेछ हाम्रो दिमाग विकेन्द्रीकृत रहेछ परम्परावादी सोंच रहेछ धिमामा रच एउटा गाउँ हामीले गरिबीको गरिबी निवारण गर्ने हो भने हामीले आदिवासी जनजाति अल्पसंख्यक जस्तै हाम्रो गण्डकी प्रदेशको सन्दर्भमा बोटे चेपाङ कुन जाति गरिबीको रेखामुनी छ त्यो गरिबीको रेखामुनीको जनतालाई एक ठाउँमा केन्द्रीत गर्नि त्यो ठाउँमा त्यही ठाउँमा होमस्टे संचालन गर्ने । पहिला गुरु योजना बनाउँने र शिक्षा स्वास्थ्य खेलकुद लगायतका चिजहरुको विकास गर्न सकियो भने वास्तवमा हामीले गरिबीलाई न्यूनिकरण गर्न सकिन्छ भन्ने खालको अनुभूति पनि भएको छ र  हामीले सबैतिर प्रत्येक गाउँपालिकामा एउटा होमस्टे संचालन गरेर तेलाई व्यवस्थित व्यवस्थापन गर्न सक्यौं भने समृद्धि सम्भव छ भन्ने लाग्छ । यहाँ धेरै कुराहरु आएका छन् । जनजातिहरु जस्तै दलित चेपाङ लगायतका जातिहरुको परम्परागत शैलीमा यो चिजहरु भैराखेको छ यसको अन्त गर्ने र आधुनिक ढङ्गबाट शिप प्रदान गर्ने भन्ने छ । अहिले यो पचभैयालाई एउटा विकास एउटा राम्रो क्षेत्र बनाउँने र तेलाई विकास गर्ने भन्ने छ तैपनि फेरी के हो त भन्दा हामीले एक गाउँपालिका अथवा एक निर्वाचन क्षेत्र एक उद्योग भनेर गत वर्ष पनि भन्यौं र अहिले त्यो काहाँ पुगिराखेको छ यो अलिकति गतिमा भएनकी भन्ने मैले अनुभूति भएको छ र हरेक हिसाबले हेर्दाखेरी के देखिन्छ त भन्दा हामीले एकीकृत र केन्द्रीकृत ढङ्गले बजेट विनियोजन गर्दा पनि र त्यसको बजेटको अनुगमन निरीक्षण र नियमन निर्देशन र नियमन गर्न सक्यौं भने वास्तवमा गण्डकी प्रदेश गण्डकी प्रदेशमा जडिबुटीको हिसाबले बनको हिसाबले यहाँ पाँच औंलेदेखी यार्सादिखी हरेक प्रकारको विषयवस्तुहरु छन् । यसलाई केन्द्रीत गर्ने कुरा र यो पनि प्रशोधन गर्ने र व्यापारीकण कसरी बजारीकरण गर्ने र बजार सम्म कसरी लैजाने भन्ने कुरालाई हामीले सोंच बनायौं भने वास्तवमा गण्डकी प्रदेश एउटा सबै हिसाबले सुन्दर छ र विकासको हिसाबले पनि समृद्धिको हिसाबले पनि अगाडि

बढाउन सकिन्छ भन्ने लाग्छ र केही सोंचहरु हाम्रा परिवर्तन गर्नपर्छ भन्ने विषय राख्दै यो जो उद्योग वन पर्यटन मन्त्रालयमा जो बजेट विनियोजन गरिएको छ एघार वटा शिर्षकमा हामी यो काम गर्छौं भनिएको छ त्यसलाई ठोस र मूर्तिकृत ढङ्गले अगाडि बढाउन सकियो भने हामी हाम्रो प्रदेश सुन्दर प्रदेश बन्न सक्छ र समाजवाद उन्मुख अर्थतन्त्रको विकास गराउन सकिन्छ भन्ने विषय राख्दै बिदा हुन्छु । हस् त धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री मित्र कुमारी गुरुङ सुवेदीलाई  छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय  श्री मित्र कुमारी गुरुङ सुवेदी

सभामुख महोदय, माननीय उद्योग, वन, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्री किरण लम्सालबाट विकास लम्सालबाट मेहेनतपूर्वक तयार गर्नुभएको यो विधेयक धेरै कुराहरु समेटिएको छ । समेट्दा समेट्दा पनि केही कुराहरु थप्न आवश्यक देखिएको हुँदा म यहाँ सुझावको रुपमा मैले प्रस्तुत गर्न खोजेको  छु । सभामुख महोदय, पोखरा महानगरपालिका वडा नम्बर चौबिसलाई कास्कीकोट भनेर नामाकरण गरिएको छ । त्यो ठाउँ ऐतिहासिक धार्मिक ऐतिहासिक धार्मिक तथा एवम् पर्यटकीय दृष्टिकोणबाट अत्यन्तै महत्वपूर्ण स्थान मानिन्छ । त्यही ठाउँमा कश्यप ऋषीले तपस्या गरेको कुटी अझै पनि देखिन सकिन्छ । कश्यप ऋषीको नामबाट कश्यपी हुँदै यो कास्की हुँदै कास्की बनेर कास्की भनेर चिनिने ठाउँ यही हो । पछी पछी यदि यो ठाउँबाट यो नामबाटै कास्की जिल्लाको नामकरण गरिएको इतिहाँस बताउँछन् । इतिहाँसकारहरुले बताउँछन् शाहवंशिय पहिलो राजा कुलमण्डनले राज्य गरेको ठाउँ पनि यही हो भन्ने कुरा इतिहाँसमा उल्लिखित छ । सभामुख महोदय, प्रसिद्ध गुप्तकालीकाको मन्दिर यही ठाउँमा रहेको छ । गुप्तकालीकाको दैनिक पूजा चलिरहन्छ । चैते दशैं र बडा दशैंमा

यहाँ ठूलो उत्सवका साथ गुप्तकालीकाको पूजा धेरै भक्तजनहरुको उपस्थितिमा सम्पन्न हुन्छ नेपाल सरकारले पनि यी पूजामा आर्थिक सहयोग गर्दै आएको छ । यही अन्य देवी देवता यहाँ अन्य देवी देवताहरुका मन्दिरहरु पनि मन्दिरहरु पनि भएकोले यो तिर्थस्थलको रुपमा पनि मानिएको छ । परिचित छ गुप्तकालीकाको मन्दिर र कश्यप ऋषीको तपस्या स्थलबाट सेती गण्डकी हिमाली श्रृंखला र कास्की जिल्लाका सबै भाग अत्यन्तै रमणिय मनमोहिक रुपमा देखिन सकिन्छ । तसर्थ यो पर्यटकीय दृष्टिकोणबाट पनि महत्वपूर्ण स्थान हो । यति महत्वपूर्ण यो इतिहाँस इतिहाँस धार्मिक एवम् पर्यटकीय अक्राउन बोकेको यस कास्कीकोटलाई कोटको रुपमा मात्र उल्लेखित हुन पर्याप्त नभएकोले माथी विषय माथीका विषय र स्थान चिनाउनि चिनाउने फोटो समेत राख्नि व्यवस्था मिलाओस मिलाउन आवश्यक मिलाउन आवश्यक छ । अन्तमा यो विधेयकको पूर्ण समर्थन गर्दछु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री विन्दु कुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री विन्दु कुमार थापा

सभामुख महोदय, आज हामी २०७६ असार ५ गते प्रस्तुत आ.व.०७६/०७७ को विनियोजन विधेयक अन्तर्गत उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत हामी छलफलमा जुटेका छौं । गण्डकी प्रदेशका पाँच वटा समृद्धिका आधारहरु मध्ये पहिलो आधारका रुपमा रहेको पर्यटन र चौंथो समृद्धिको आधारको रुपमा रहेको उद्योग दुईवटा मन्त्रालय यसै अन्तर्गत पर्दछन् तर बजेट अलि झारा टार्ने खालको आएको हामीले बुझेका छौं र यो पर्यटनको राजधानी पोखरालाई मानिन्छ र यो कास्कीको पोखरालाई यो पर्यटन मन्त्रालयबाट जुन किसीमको बजेट विनियोजन भएको छ अथवा यो पर्यटनको प्रवर्द्धन गर्नको लागि पर्यटन उद्योगको विकास गर्नको लागि जुन किसीमको बजेटहरु

आउनु पर्ने थियो त्यो खालको हामीले यो बजेट आएको पाएका छैनौं । त्यस्तै वन सम्बन्धी ऐन कानूनहरु विकासमैत्री छैनन् झन्झटिला छन् । वनलाई विकाससंग जिविकोपार्जनसंग जोड्दै दिगो विकासमा यो वन पैदावारलाई लिने ऐन कानूनहरु निर्माण गरी वैज्ञानिक वन नीति अपनाउनु पर्दछ। नेपालको सामुदायिक वन विश्वमै नमूनाको रुपमा रहेको छ । यसलाई बचाई राख्न जरुरी छ उमेर पुगेका रुख कटान गरी विकासमा लगाउनु पर्दछ । रुख छिप्पिएर ढलेर कुहिएर जाओस तर काठ र दाउराको रुपमा प्रयोगमा ल्याउन नसक्ने नीति परिमार्जन गर्नु जरुरी छ । वन वन उपभोक्ता समिति अहिले संघीय सरकारको नीतिबाट आजित भएर आन्दोलित भएका छन् । समयमै ख्याल पुर्याउन जरुरी छ । आफूले आफ्नै ठाउँमा सामुदायिक वन लगाएर हुर्काएर आफैले उपयोग गर्न नसक्ने नीतिको विरोधमा उपभोक्ता समिति उभिएको छ उद्योगमा पनि त्यस्तै खालको बजेट राखिएको छ । उद्योगमैत्री वातावरण सिर्जना गर्ने खालको ऐन कानूनहरुका संसोधन परिमार्जनका कुराहरु आएका छैनन् । उद्योग दर्ता गर्दा वानडोर सिष्टम नहुनु कम्पनी दर्ता खारेज गर्दाको झन्झटिला ऐन कानून ट्याक्स नीति लगानी मैत्री नहुनु विशेष गरेर कम्पनी रजिष्टारको कार्यालयबाट भ्रष्टाचारको शुरुवात त्यहीबाट शुरु हुन्छ । व्यवसायी आजित भएको अवस्था छ आशा गरौं गण्डकी प्रदेशमा कम्पनी रजिष्टारको कार्यालय पनि यही आउँदो श्रावणबाटै स्थापना हुनेछ भनेर हामीले आशा लिएका छौं । वन मन्त्रालयबाट दिईने इआइए र इआइ वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी ऐन कानूनहरु असाध्यै विकास विरोधी छन् । यसलाई तत्काल सुधार गर्न जरुरी छ । त्यस्तै पेज नम्बर ५ क्रमसंख्या ७२ मा रविन्द्र स्मृति भवन निर्माण वडा नम्बर ३३ पोखरा भनेर ५० लाख र त्यस्तै गरी पेज नम्बर ३३ क्रमसंख्या ३४४ मा रविन्द्र स्मृति सुन गुफा लिक्लाङ पोखरा ३३ भनेर दुईटै एउटै वडामा ५० लाख र ६० लाखको बजेट आएको छ यो डबल परेको होकी दोहोरिएको होकी अथवा छुट्टाछुट्टै यो बजेट हो । मन्त्रीज्यूबाट यसको जवाफ अवश्य पनि आउँनेछ । सभामुख महोदय, मन्त्रीज्यूको  पर्यटकहरुलाई यहाँको उत्पादन विशेष

गरी ह्यान्डिक्राफ्टहरु प्रदर्शन तथा बिक्री कक्ष बनाउने कोशेली घर निर्माण गर्ने ठूलो महत्वकोसाथ मन्त्रीज्यूले अगाडि बढाई राख्नुभाको थियो । हामीले पनि यो ४ नम्बर वडा यो गणेश टोलमा जुन ऐतिहासिक कलात्मक घरहरु छन् त्यो त्यो मध्येको दुईटा घरहरु यो एउटा कोशेली घर निर्माणको लागि भनेर दुईटा घर हामीले यो ४ नम्बर वडाले लिएको अवस्था थियो र त्यसलाई पनि एउटा कोशेली घरको रुपमा गिफ्ट हाउसको रुपमा विकास गर्ने भनेर हामीले पनि यो पर्यटन मन्त्रालयमा योजनाहरु पेश गर्दाखेरी लेटर हेडमा त्यो पनि हामीले पेश गरेका थियौं । अब यद्यपि त्यो समेट्न सकेको छैन र यो अन्तराष्ट्रिय पर्वतारोहण संग्राहलयमा यसको नामबाट केही रकम छुट्टिएको हामीले पाएका छौं । बजेट वक्तव्यको ५७ नम्बर बुँदामा राउन अन्नपूर्ण पदमार्ग धौलागिरी पदमार्ग मिलेनियम ट्रायक लगायत पदमार्ग पार्क उद्यान तथा भ्यूटावर निर्माण निरन्तरता दिन रु. १८ करोड विनियोजन गरेको छु भनेर हाम्रो आर्थिक मामिला मन्त्रीज्यूले त्यो दिनमा कुरा ल्याउनुभाको थियो । त्यो पनि यस कार्यान्वयन पुस्तिकामा देखिन । माननीय आर्थिक मामिला मन्त्रीज्यूले यो बजेटलाई कता पुर्याइदिनुभयो थाहा भएन । यसबाट प्रदेश सरकार यो पर्यटनमा कत्तिको सिरियस छ अथवा गम्भिर छ भन्ने कुरा बुझिन्छ । सभामुख महोदय, यस सम्मानित सभामा गण्डकी प्रदेशको पर्यटन मन्त्रालय यस्तो एउटा मन्त्रालय हो जो कास्की निर्वाचन क्षेत्र नम्बर दुइ दुइबाट प्रत्यक्ष निर्वाचित सभासद म आफूले लिखित माग भए बमोजिम लेटर प्याडमा योजना दिए बमोजिम एउटा योजना परेको छ । म माननीय मन्त्रीज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यो पोखरा वडा नम्बर ९ महेन्द्रपुलको मुनि आर्क ब्रिज बनाएर सेती नदीको गर्भ हेर्ने र त्यसमा टिकट काटेर पर्यटकहरुलाई आकर्षण गर्ने थलोको रुपमा विकास गर्ने भनेर योजना मैले पेश गरेको थिए तर त्यो स्वरुप परिवर्तन भएर आएको छ । त्यसमा त्यो आर्क ब्रिज भनेको ठाउँमा ग्लास ब्रिज भनेर ५० लाख रुपैयाँ परेको छ । त्यो एउटा यस्तो मन्त्रालय हो पर्यटन मन्त्रालय यसबाट मैले दिएका धेरै योजनाहरु मध्ये अरु कुनै पनि मन्त्रालयबाट मैले देखिन तर यो पर्यटन मन्त्रालयमा यो एउटा

योजना परेको छ त्यो पनि स्वरुप परिवर्तन भएर आएको छ। अब अघिल्लो वर्ष पनि हामीले फेवातालमा ग्लास ब्रिज र क्यानुपि ब्रिजको कुरा गर्यौं अब त्यो कता हरायो थाहा छैन । अब यो सेती नदीको ग्लास ब्रिज पनि त्यही हालत हुने होकी के हो अथवा यो पचास लाखले त्यो बजेट पुग्ने होकी होईन त्यो पनि आउँदो दिनमानै थाहा होला । अनि अघि पूर्व माननीयज्यूहरुले भने जस्तै हामीलाई पनि यो मठ मन्दिर गुम्बा जति सबै सामाजिक विकास मन्त्रालयमा गयो भनेर अब हामीलाई पठाईएको थियो तर प्रशस्त रुपमा यो मठ मन्दिर गुम्बाहरु यसै मन्त्रालयबाट पनि आएका छन् र पूर्वाधार मन्त्रालयमा हामी जाँदाखेरी पनि यो मठ मन्दिरहरु गुम्बाहरु सामाजिक विकास मन्त्रालयमै भन्नुभाको थियो । त्यहाँको मन्त्रीज्यूले पनि मन्त्रालयमा पनि तर पूर्वाधार मन्त्रालयबाट पनि यो मन्दिरको लागि बजेट विनियोजन भाको छ पर्यटन मन्त्रालयबाट पनि भएको छ । यसले हामी यो सभासदहरुलाई पनि सत्ता पक्षको सभासदहरुलाई अब जुन मन्त्रालयमा गएपनि बजेट पाउँने एउटा मन्त्रालयको बजेट अर्को मन्त्रालयमा गएर पनि पाउँने खालको देखिराख्या छ । यो प्रतिपक्षका सभासदहरुलाई कहिले यो मन्त्रालय कहिले उ मन्त्रालय भन्दा भन्दा कुनै पनि मन्त्रालयबाट एउटा पनि योजना नपरेको अवस्था छ। त्यसकारण यो अलिकति न्यायपूर्ण छैन यो अलि धोकाधडि भएको छ र यो विपक्ष प्रतिपक्षका सभासदहरुको अपमान भएको छ । त्यसकारण यसलाई सच्चाएर आउनु पर्छ भन्ने हाम्रो माग रहेको छ । यति कुराहरु राख्दै मेरो आफ्नो भनाई यही टुङ्गयाउछु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मिना गुरुङलाई  छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय श्री मिना गुरुङ**

माननीय सभामुखज्यू, विनियोजन विधेयक २०७६ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसंग सम्बन्धित शिर्षकहरु माथी आज छलफलमा भाग लिन पाउँदा सर्वप्रथम त धन्यवाद दिन चाहन्छु । यतिबेला हामी सबै माननीयज्यूहरुको कुरालाई सुनिरहेका छौं कता कता मलाई भने यो बजेट आएन भनेर हामीले आफूले भनेको ठाउँमा परेन भनेर जुन किसीमको एउटा प्रतिक्रियाहरु दिइरहेका छौं त्यो प्रतिक्रियाहरुमा पनि अझै समिक्षा गर्नुपर्छकी जस्तो पनि मलाई अनुभूति भैरहेको छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय उद्योग, पर्यटन, वन तथा वातावरण यो चारवटै विषय आफैसंग एक अर्कासंग रिलेटेड असाध्यै सम्बन्धित विषय रहेको छ । माननीय सभामुखज्यू, अहिले हामी मुलुक संघीयतामा गैसक्यौ । हामी अब यो राष्ट्र यो प्रदेशलाई यो देशलाई हामी शान्तिप्रिय देश समृद्धि र एउटा सुखी नेपालीको सपनामा अगाडि पाईलाहरु एकिकृत रुपमा बढाउन चाहन्छौं तर त्यसका लागि हामीले सोचेको जस्तो आर्थिक विनियोजन हुनुपर्छ भन्ने यो कुरा साँचो कुरा हो । यो असाध्यै वैज्ञानिक हुनुपर्छ, त्यो असाध्यै व्यवहारीक हुनुपर्छ, त्यो असाध्यै जनमुखी हुनुपर्छ, जनकल्याणकारी हुनुपर्छ तर त्यसमा यतिबेला हामी छलफल गरिरहेको यो ठाउँ भनेको अहिलेको विषय भनेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको शिर्षकमा छ । उद्योगकै कुरा गरिरहँदाखेरी अहिले हाम्रो देशमा हिजो धेरै परापूर्वकालदेखी चल्दै आईरहेका त्यस्ता कुटिर उद्योग घरेलु उद्योग लगायतको धेरै त्यस्तो उद्योगहरुलाई अब प्रवर्द्धन गर्दै लैजानुपर्ने हाम्रो प्रदेश सरकारको यतातिर कति ध्यान गएको छ कति त्यतातिर हामीले रिसर्चहरु अनुसन्धानहरु गरेका छौं र त्यतातिर लगानीको कुरालाई हामीले कसरी जोड दिएका छौं । यो अहिलेको हाम्रो रातो बुकलेटले त्यतातिर पनि केही कुराहरु संकेत गरिरहेको छ र उद्योगकै कुरा गर्ने हो भने हातको औंलामा गन्न सक्ने उद्योगहरु अहिले हाम्रो प्रदेशमा हामीले पाउँछौं । त्यसमा पनि अबको हाम्रो एउटा सुन्दर सपना भनेको लाखौं श्रमिकहरु लाखौं जनताहरुले त्यहाँ रोजगारी पाउँन सक्ने एउटा ठूलो उद्योगको हामीले परिकल्पना गर्नुपर्ने हुन्छ । त्यो कल्पनाको साथमा हाम्रा विनियोजित

बजेटहरु समानुपातिक र समानताको आधारमा हुनुपर्छ र अघि भर्खर पूर्व माननीयज्यूहरुले भन्नुभएको कुराहरुमा कास्कीमा अलि सोचे जस्तो जुन कास्की भित्रको हाम्रो पोखरा जसलाई हामी राजधानी अहिले भनेका छौं हामीले बनाएका छौं ।त्यो राजधानी भित्र जहाँ अहिले पर्यटन एउटा गन्तव्य स्थल छ यो गन्तव्य स्थलमा हामीले कसरी लगानी गर्यौं त तर त्यो लगानी कति गर्यो भन्ने मेरो अझै मेरो व्यक्तिगत चासो भन्दानि मेरो अझै व्यक्तिगत चासो के मा छ भने त्यो गरिएको भएको लगानीलाई अब हामीले कसरी कार्यान्वयन गर्ने त यसको कार्यविधि के हो त भन्ने कुरामा हामी सबैको अझै एउटा इमान्दारीपूर्वकको त्यतातिर आफ्नो जिम्मेवारी बोध होस भनेर म अनुरोध गर्न पनि चाहन्छु । अहिले मुलुक संघीयतामा गैसकेपछी गण्डकी प्रदेशको जुन राजधानी पोखरा र यसको आसपासमा विकासका गतिहरु भने द्रुतै भइरहेको पनि देखिन्छ र अन्य प्रदेशको तुलनामा गण्डकी प्रदेशमा जलश्रोत, पर्यटन, कृषि, उद्योगको प्रबल सम्भावनालाई सरकारले अहिले इङ्गित गर्दै आफ्ना बजेटहरु विनियोजित गरेको हो । समृद्ध नेपाल सुखी नेपालीको नारा हामी बारम्बार बारम्बार सबैले लिइरहेका छौं । यसको लागि सरकारले पर्यटनलाई एउटा समृद्धिको मूल आधार पनि बनाएको छ र पर्यटनको कुरा गरिरहँदाखेरी अहिले हाम्रा पर्यटनका क्षेत्रहरु जुन हामीले देखेका छौं हाम्रै पोखरालाई लिएर भन्दाखेरी हाम्रो अब ति क्षेत्रहरुमा हामीले काहाँ काहाँ कति कति कसरी कसरी यो दुई वर्ष टेकेको यो समयभित्र हामीले व्यवस्थित गर्न सकेका छौं यसलाई एकपल्ट राम्रोसंग मूल्याङ्कन गर्नुपर्ने पनि यो बेला हो र विनियोजित बजेट माथी धेरैले टिका टिप्पणी र कटाक्षहरु गरिरहनु भएको छ यसमा मलाई लाग्छ मन्त्रालय र मन्त्री र कर्मचारीज्यूहरुको आफ्नै पनि यसमा आफैले पनि मूल्याङ्कन आफैले गर्नुपर्ने अवस्था पनि रहेको छ तर त्यसमा हामी सबैको सहयोग बिना त्यो हामीले आगामी दिनमा हामीले प्राप्त गरेका ति रकमहरु अघि भर्खर पूर्व माननीयले भन्नुभए जस्तो अब सत्ता पक्षका माननीयज्यूहरुले जता गए पनि बजेट पाउने जुन शिर्षकबाट पनि बजेट पाउने हामी नपाउने भन्ने कुरा त्यो मलाई लाग्छ त्यति जाहेज

विषय हो जस्तो त लाग्दैन । तर मैले भन्नु पर्दा मैले हालेको एउटा बजेट पनि परेको छैन अब उद्योग पर्यटन मन्त्रालयबाट उद्योग पर्यटन तथा वन मन्त्रालयबाट अब त्यसो भन्दैमा अब यहाँ अन्य हाम्रो प्रतिपक्षका हाम्रा माननीयज्यूहरुले त्यो गुनासो राखीरहनु भएको छ मैले सुनिरहेको छु । त्यो साच्चैनै के त्यही एकदमै एउटा हामीले कुनै त्यस्तै किसीमको रणनीति बनाएर त्यो गरेको हो त होईन मलाई लाग्छ त्यो कदापी हुन सक्दैन तर यहाँ के कुरा के असफल बनाउन केही कुराहरु रणनीतिहरु केही कामहरु कतैबाट केही सम्भावनाहरु भयोकी बरु तेलाई हामीले अहिले गहिरीएर सोच्न पनि जरुरी छ । बन नेपालको धन भन्ने हामीले हिजो परापूर्वकालदेखी भन्दै आएका छौं । बनलाई सुरक्षित गर्नको लागि अहिले सामुदायिक वनका जतिपनि नीति नियमहरुलाई हामीले अव ति विधेयकहरुलाई कसरी हामीले यसलाई सफल बनाएर लाने र कसरी विधेयकहरु तयारी गर्ने भन्ने कुरा पनि एउटा चासोको विषय छ र नयाँ सम्भावनाका विषयहरु धेरै हामीले खोजि गर्नुपर्ने कुरा पनि म अहिले विशेष अहिले यहाँ सम्मानित सभामा हाम्रो माननीय सभामुख मार्फत मेरो व्यक्तिगत धारणा प्रस्तुत गर्न चाहन्छु । अहिले राजनीतिक अस्थिरताले थकित भएको नेपाली जनताहरुले विकास खोजेको छ र यस बीचमा विकास पनि पर्यटन हाम्रो मूल आकर्षणको एउटा विषय छ र पर्यटनबाट हामी धेरै समृद्धि हुन सक्छौं भन्ने सरकारको एउटा दाबी पनि छ र सरकारले २० लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य सहित नेपाल भ्रमण वर्ष २०२० घोषणा गर्दा गण्डकी प्रदेश सरकारले पनि सन् २०१९ लाई आन्तरिक पर्यटक वर्षको रुपमा भ्रम मनाईरहेको छ । त्यस्तै पोखराबाट नजिकैकै लुम्बिनी र आसपासको विकासका लागि लुम्बिनी भ्रमण वर्ष २०७६ हालै औपचारिक घोषणा पनि भैसकेको छ । अन्तराष्ट्रिय पर्यटन वर्ष २०२२ को रुपमा मनाउने हाम्रो त्यो योजना समेत छ र प्रदेश सरकारले यस अघि एक सय दशवटा पर्यटकीय गन्तव्य घोषणा गरेको हामी सबैलाई सबिदितै भएको कुरा हो । यस्तै सन् २०२२ सम्ममा २० लाख पर्यटक गण्डकी भित्र्याउने गरी गण्डकी सरकारले आवश्यक बजेट विनियोजन गरेकोमा

यहाँनिर अहिले हामी त्यो विनियोजनमा केही कुराहरु शंकास्पद ढङ्गले विषयहरु उठाउनु त्यो यो हाम्रो  छलफलको एउटा क्रममा जायेज कुरा हो तर त्यसमानै सधैभरी हामी इङ्गित भएर  मनलाई एकदम तितोपना गरेर अबको आगामी दिनका पाइलाहरुमा अलि हामी आफैलाई काम गर्न असम्भावित हुने किसीमका पाइलाहरु त्यस्ता किसीमका हाम्रा भावनाहरु नहोस् भन्ने मेरो फेरी पनि एकपल्ट यो माननीय सभामुख मार्फत अनुरोध गर्न चाहन्छु । प्राथमिकतामा रहेका तर नीति कार्यक्रम पनि ले पनि तेलाई समेटेका तर बजेटले भने विनियोजन हुनको लागि छुटाएका ति अति महत्वपूर्ण विषय योजनाहरुलाई अब सरकारले समायोजन गरेर लैजान सक्ने सम्भावना कति छ यतातिर यदि छ भने म त्यसको लागि सरकारले मन्त्रालयले ध्यान दिओस भन्ने म विशेष सुझाव दिन चाहन्छु र अब हामी विशेष गरेर यो विनियोजित रकम सही ढङ्गले प्रयोग गर्नुपर्ने कुरानै अहिले जनताको पनि चासोको विषय हो । हामी एउटा एउटा सत्ता पक्षले कसैबाट विकास योजनाका बजेटहरु लग्यो भने प्रतिपक्ष दलका हाम्रा कुनैपनि  त्यस्ता त्यहाँ भएका अध्यक्ष लगायत विभिन्न नेतृत्वमा रहेका साथीहरुले तेलाई असफल बनाउने यस्तो प्रक्रियाहरु पनि अहिले हामीले टोल टोलमा विकासको गतिमा हामीले पाएका छौं । त्यसैले त्यो किसीमको जुन किसीमको एउटा अमानविय भावनाबाट हामी विकसित भैरहेका छौं त्यो मलाई लाग्छ नत प्रतिपक्षको सोचनै हो सपनानै हो नत सत्ता पक्षको सपनानै हो त्यसैले अहिले यतिबेला यदि  हामी राष्ट्रको यो प्रदेशको सुन्दर सपना देख्न चाहन्छौं भने कदापि पनि यस्ता किसीमका धेरै एकदमै चित्त नबुझ्ने सवालहरुलाई भन्दा अब त्यो भएका कुरामा सच्चयाउने नयाँ बाटोहरुलाई पहिल्याउनको लागि  हामीले मन्त्रालयसंग फेरी त्यस्तो सम्भावना छ की छैन बसेर फेरी हामीले केही कुरा गर्न सक्छौंकी सक्दैनौं काम गर्न सक्छौंकी सक्दैनौं भन्ने मलाई लागेको छ । त्यो दुई अरब बयालिस करोड असी लाख यो जुन तेश्रो ठूलो बजेट भनेर भनिरहेका छौं तर पनि मैले सुनेको छु मन्त्रालयले हामीलाई बजेट भने जस्तो प्राप्त नभएकोले हामी विनियोजन गर्न सकेनौं भनिरहेको अवस्था छ । यो किन भयो त यसले गर्दा यो

किन भयो भन्ने यो शब्दलाई हामीले छलफलबाट निस्केका यी प्रश्नहरु मन्त्रालयले फेरी आफ्नो सम्बन्धित ठाउँबाट जानकारी लिएर हाम्रा माननीयज्यूहरुको र यहाँ जिज्ञासु हाम्रा साथीहरुको भावनालाई उच्च कदर गर्दै सही जवाफ आउनेछ भन्ने मलाई विश्वास छ र उद्योग, पर्यटन, वन तथा वातावरणले सम्पूर्ण नेपाली श्रमिक जनताहरु र सम्पूर्ण श्रमजिवि वर्गलाई पनि यसले समेटेको हुँदा यतातिर उद्योग पर्यटन वन मन्त्रालयले अब यो बारेमा पनि सोच्न जरुरी छकी नेपाली जनता नब्बे प्रतिशत श्रमजिवि वर्गहरु छन् र यस्ता वर्गहरुप्रति हाम्रो यो मन्त्रालयले कसरी यो बजेटलाई कार्यक्रमहरुमा समावेश गर्नु पर्थ्योत कार्यक्रम अन्तरगतको बजेट विनियोजन नभएको कुरामा त हामी सत्ता पक्षले पनि यहाँ सुझाव राखेकै छौं । त्यसैले गर्दा यतातिर हुँन सक्ने सम्भावनाका विषयहरुलाई फेरी एकपटक मन्त्रालयले दोहोऱ्याएर यदि केही कुरा गर्न सकिन्छ भने यो अहिले उद्योग पर्यटन मन्त्रालय तर्फ आइरहेको विभिन्न किसीमको गुनासोलाई समाधान होस तर जति वहाँहरुले गर्न सक्नुभएको छ नीतिगत हिसाबले आफ्नो क्षमताको हिसाबले आफ्नो त्यहाँको विभिन्न रणनीतिक हिसाबले गर्नुभयो त्यसमा अब हामीले धेरै टीकाटिप्पणी गर्नु भन्दा समयलाई अझै हामी पर्खेर वहाँहरुलाई अझै (माननीय सभामुख - माननीय सदस्य समय सकियो) त्यही सफलतम कार्यक्रम गर्नको लागि म विशेष यहाँलाई सुझाव दिदैं यो मन्त्रालयलाई र मन्त्रीज्यूलाई पनि त्यही आकांक्षा राख्दै हाम्रो र मेरो  हाम्रो दलको र मेरो पनि यसमा सहमति भएको यहाँलाई अनुरोध गर्दै विदा हुन्छु । हस् त धन्यवाद नमस्कार।

## माननीय सभामुख

माननीय सदस्य श्री विनोद के. सी. लाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री विनोद के. सी.

सभामुख महोदय, हामी यतिबेला गण्डकी प्रदेशको ०७६/०७७ को बजेट अन्तर्गत आज हामी लगभग लगभग अन्तिम चरणमा सबै मन्त्रालयको छलफलको अन्तिम अन्तिममा हामी छलफलमा छौं । मन्त्रालय छ उद्योग, पर्यटन तथा वातावरण मन्त्रालयसंग सम्बन्धित विनियोजित बजेटमा हामीहरु अहिले छलफलमा छौं र मैले सर्वप्रथम त यो भन्न चाहन्छुकी म आफू नेकपाको एउटा सदस्य अथवा आफूले बनाएको सरकार र त्यसको सदस्यको हैसियतले यो सरकारले लिएको नीति तथा कार्यक्रम योजनाहरु कार्यान्वयन होस् भन्ने शुभेच्छा कार्यान्वयन गराउनको लागि म दृढताकासाथ लाग्ने प्रतिवद्धता सहित यी कार्यक्रमहरुको सफलताको शुभकामना व्यक्त गर्दै म आएका नीति तथा कार्यक्रमहरुलाई म समर्थन जनाउँदै र मैले केही कुरा सुझावको रुपमा राख्न चाहन्छु । विशेषत गरी जुन यो मन्त्रालय छ यसले ०७६/०७७ को बजेट विनियोजन गर्दा २ अर्ब ८० करोड ८२ लाख हाराहरीको बजेट लिएर आएको छ र यसमा धेरै शिर्षकहरु छन् र यो बजेटले शिर्षकलाई पुग्ने बजेट छैन हामीलाई थाहा छ धेरै बजेट हुँदा पनि यसले सबै भूगोलको सबै जनताहरुको सबैको मागलाई सम्बोधन गर्ने अवस्थामा छैन । तथापि हाम्रो चाहना केहो भने सबैलाई सबैको अस्तित्व सबैले सबैलाई सबैको भूगोल क्षेत्र सबैलाई समेट्ने गरी बजेट आउनु पर्छ भन्ने हामीलाई लाग्दथ्यो लाग्दछ र त्यसैगरी मैले यसले धेरै कुराहरु समेट्न खोजेको पनि देखिन्छ । भूक्षय देखी लिएर आएर वन डढेलो देखी लिएर आएर यो कृषिका फलफूलका बेर्नाहरु देखी लिएर आएर मठ मन्दिर देखी लिएर आएर धेरै ठाउँहरु संरक्षण गर्न खोजेको धेरै ठाउँमा पुग्न खोजेको धेरै मेहेनत गर्न खोजेको देखिन्छ । तथापि फेरी हामी कहाँनेर सन्तुष्ट अथवा के हुँदोरहेनछौं भने धेरै ल्याउन आउदा आउदै पनि आफू निर्वाचित भएको स्थान अथवा आफ्नो भूगोल क्षेत्रमा केके प्रयोजन जनताहरुको सोधाई हुने र आफूले जवाफ दिनुपर्ने रहेको हुनाले विशेषत गरी यति बेला म यति मात्रै के भन्न चाहन्छु भने गण्डकी प्रदेश सरकारले पहिलो नीति तथा कार्यक्रम आयो नीति तथा कार्यक्रम यति राम्रो यति मार्मिक गहिरो तरिकाले आयोकी नेपालको

सबै भन्दा राम्रो स्थान भनेर चिनिने गण्डकी अञ्चल अथवा तत्कालिन पोखरा र त्यसैको आसपासमा रह्यो गण्डकी प्रदेश रह्यो र त्यसको प्रदेशको संगसंगै धेरै पर्यटन प्राकृतिक कुराहरु धेरै कुराहरु रहेको र नेपालकै एउटा  उत्कृष्ट ठाउँ रहेको र उत्कृष्ट ठाउँ मध्येका हामी भाग्यमानी जनता अथवा त्यहाँका हामी माननीयहरु रह्यौं र त्यही कार्यक्रम प्रदेशले पनि पहिलो हामी यो प्रदेशलाई समृद्धि बनाउने आधारहरु गर्ने क्रममा पहिलो आधारको रुपमा हामीले यो पर्यटनलाई लियौं र पर्यटनको पहिलो हामी बुक बुकहरु हेर्दा पहिला रुपरेखा हेर्दा धेरै खुशी पनि लाग्यो धेरै ठाउँहरुलाई समेटिएको विशेषत गरी मैले मेरो ठाउँमा हेर्ने क्रममा चारधामको क्षेत्र चारधाम क्षेत्रको रुपमा पहिलो रुपमा त्रिवेणी यता आएर गलेश्वर यता मुक्तिनाथ जस्ता महत्वपूर्ण  देवघाट जस्ता महत्व र चारधामको रुपमा एउटा धामको रुपमा  तेलाई लिइयो र म्याग्दी पनि एउटा महत्वपूर्ण स्थानमा पर्यो भन्ने मलाई गर्व लाग्यो खुशी लाग्यो संगसंगै त्यो संग पछी यसै मन्त्रालयले आफ्नो स्थितिपत्र निकाल्यो जुन पर्यटनको संभावना भएका ठाउँहरु ति स्थितिपत्र हेर्दाखेरी झन खुशी लाग्यो किनभने धेरै यहाँ माननीयहरु धेरै माननीयहरु पोखरा देखी यता मुक्तिनाथ जाने क्रममा पर्वतबाट छिरीसकेसी एक नम्बर क्षेत्र जो म्याग्दीको सदरमुकाम भएर आउछ त्यसबाट बग्ने काली गण्डकीको  तिरै तिर जाँदा संसारको गहिरो गल्छी काली गण्डकीको गल्छी रुप्से झरना संसारको सबै  भन्दा बढी प्राकृतिक रुपले धेरै लालिगुराँस फुल्ने घोरेपानी पुनहिल तातोपानी प्राकृतिक उपचार केन्द्रको रुपमा महत्वपूर्ण दिनको सयौं मान्छेहरु त्यहाँ आएर प्राकृतिक रुपले उपचार केन्द्रको रुपमा आउने ठाउँ स्थानहरु तातोपानी कुण्ड अनि ऐतिहासिक रुपले पुराततव विभागमा समेत सूचिकृत भएका  मठ मन्दिरहरु जस्तै हामीलाई यो सामान्य लाग्छ अझ विशेष गरी म अचम्मै लाग्छ इण्डियाबाट सिधासिधि हेलिकप्टर मार्फत र अन्य चिजहरु मार्फत सिधै हेलिकप्टर ल्याएर यो पहुलस्य ऋषीको तपोभूमी अथवा पहुलस्य ऋषीको नाति जन्मेको ठाउँ रावण जन्मेको ठाउँ भनेर हामीलाई थाहा छैन ग्रन्थमा रहेछ । इण्डियनहरु सिधै हेलिकप्टर त्यहाँ लिएर झर्ने पूजाआजा गर्ने यस्ता महत्वपूर्ण

धार्मिक स्थलहरु निर्वाचन क्षेत्र एक भित्र पर्छ र त्यहाँ भित्र ति यो जो कार्यक्रम मैले समावेश भएको पाए खुशी लाग्यो र यतिबेला फेरी विशेष गरी म्याग्दीले जस्तो नेपाल सरकारले २०२० लाई भ्रमण वर्षको रुपमा लिए जस्तै म्यादीले पनि २०१९ लाई यो वर्षलाई भ्रमण वर्षको रुपमा म्याग्दीले घोषणा गरेको छ । त्यसकारणले त्यस कार्यक्रमहरुमा हामीहरु तत् तत् ठाउँहरुमा गएर हामी तपाईहरु यहाँको जनताहरु अथवा स्थानीयहरु स्थानीय सरकारहरु ढुक्क हुनुहोस किन प्रदेश सरकारले सबै भन्दा पहिलो ग्रुपमा पर्यटनलाई राखेको छ पर्यटन भित्र यी यी ठाउँहरुलाई सूचिकृत गरि सकेछ र यी यी ठाउँहरुमा व्यवस्थित तरिकाले बजेट आउँछ भनेर हामीले पनि एउटा विश्वस्तकासाथ एउटा वातावरण अगाडि बढाइयो र पहिलो वर्ष त कतिपय कारणहरुले बजेटमा तलमाथी हुन पुग्यो र यो वर्ष हेर्नि कुरामा मैले के भन्न चाहन्छु भने हुनत एउटा सूचिकृतमा अझै पनि बजेट को एउटा प्याकेजमा आउने क्रम छ पक्कै पनि मन्त्रीज्यू हिजो संविधान सभाको सदस्य रहेर र संविधान सभाको महत्वपूर्ण भूमिका खेलेर धेरै अनुभव खारिएर आएको मन्त्री हुनुहुन्छ । यस्ता ठाउँहरुलाई हेर्ने क्रम वहाँले बुझ्ने क्रम हुदैं होलान तर अहिलेतक आउँदै गर्दा पानाहरु फर्काउँदै गर्दा हिजो देखी आजतक आउँदै गर्दा ति त्यस्ता महत्वपूर्ण ठाउँहरुमा एक पैसा पनि नदेख्दै गर्दा मलाई थोरै जनताहरुलाई जवाफ दिने जवाफ मैले पाईराखेको अवस्था छैन र भोलि जनतालाई जवाफ दिने अवस्थामा मन्त्रीज्यूले पुऱ्याउनुहुनेछ भन्ने मलाई लाग्छ र प्रतिपक्षका माननीय साथीहरुले भन्नुभयो गाम्भिर्यताकासाथ प्रतिपक्ष माननीयहरुले हामीलाई यो गऱ्यो उ गऱ्यो भन्नुभयो तर म के भन्न चाहन्छु भने कतिपय कुराहरु एकाङ्कि तरीकाले हेरेर पनि हुँदैन किनभने सबैलाई मिलाउने क्रममा होला भन्ने कुराले बुझ्नुपर्यो यो सत्ता पक्षलाई पुरै हालेको प्रतिपक्षलाई पुरै नहालेको भन्ने कुरा यो मेरो बाट पनि पुष्टि हुन सक्दैन किनभने सबैको सबै ठाउँमा प्रतिनिधित्व नपुगेको र भएको भन्ने कुरा यहाँहरुलाई निवेदन गर्दै र मैले विशेषत गरी मैले पहिला पनि धेरै चोटी भनेको छु । हाम्रो यो गण्डकी प्रदेशको विशेषत गरी यो रुटको मैले पहिला पनि

भनेको छु । यता ठूलो देश भारत र यता ठूलो देश चिनको बीचमा हामी जम्मा ५५३ किलोमीटरको बीचमा हाम्रो गण्डकी प्रदेश रहेको छ । यहाँ धार्मिक पर्यटनको रुपले एकदमै ठूलो महत्वपूर्ण स्थान यसले ओगटेको छ । यता जाने मुक्तिनाथ दामोदर कुण्डदेखी यता आएर शान्तिको क्षेत्र यो लुम्बिनि क्षेत्र जुन छ यीनिहरु दुईटा देशका धार्मिक क्षेत्रहरुको महत्वपूर्ण ठाउँ रहेको हुनाले यी ठाउँहरुमा हामीले व्यवस्थित गरेर हामीले आफ्ना कार्यक्रमहरु योजनाहरु संचालन गर्नि हो भने पक्कै पनि हाम्रो देशमा भएको यो ठूलो बेरोजगार युवाहरु विदेश पलायन भएका हैन उद्योग धन्दाहरु नचलेका यस्ता ठाउँहरुमा हामीले धेरै काम गर्न सकिन्छ । यस्ता यस्ता योजनाहरु मन्त्रालयले अझै पनि ल्याउने छ भन्ने मैले शुभेच्छा व्यक्त गर्न चाहन्छु र विशेषत गरी यस मन्त्रालयले कार्यक्रमहरु सरसर्ति हेर्ने क्रममा धेरै कुराहरुमा मसिनो तरिकाले ल्याउन खोजेको देखिन्छ तथापि सबै ठाउँमा नपुगेको सबै क्षेत्र भूगोललाई समेट्ने वातावरण नभएको कुनै शिर्षकले छ भने पनि मन्त्रीज्यूले त्यो रहेको एकमुष्ठ बजेटबाट सम्बोधन गर्नुहुनेछ भन्ने मलाई पूर्ण विश्वास छ । लिएको छु र अन्तमा जुन जस्तो कार्यक्रमहरु जसरी यहाँहरुले लिनुभएको छ ति कार्यक्रमको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दै यो कार्यक्रमको यो जुन बजेटको म र मेरो दलले यो कार्यक्रमको यो कार्यक्रम प्रति पूर्ण समर्थन रहेको निवेदन जाहेर गर्दै मेरो भनाई यही अन्त गर्छु । धन्यवाद । नमस्कार ।

## माननीय सभामुख

माननीय सदस्य श्री प्रकाश चन्द्र दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री प्रकाश चन्द्र दवाडी

सभामुख महोदय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको विनियोजित वजेट माथी छलफल गर्दै छौं । पर्यटनलाई समृद्धिको आधार मानेर हिडिरहेको गण्डकी सरकारको तिनैवटा पर्यटन वर्ष सफल होस हार्दिक शुभकामना । केही महिना अघि रेडलाईट एरिया मनाउने कुरा आउँदा मुख्यमन्त्रीज्यूले सदनमै जवाफ दिनुपरेको थियो। संझना छ की छैन त्यसपछी इन्ज्योम जोम कति विवादित बन्यो त्यो पनि हेक्का होलानि हाम्रो सरकार संस्कार र संस्कृति मासेर पैसासंग मात्रै समृद्धि देख्ने हो भने हामीलाई चाहिएन समृद्धिको सरकार अहिले कानूनको वर्जित गरेको क्यासिनो जुवा घर खोल्नु पर्छ भनेर भाषण गर्नुभएछ मुख्यमन्त्रीज्यूले चर्चामा आउनका लागि कानूनले अवैध ठानेका यस्ता विवादित कुराहरु बोल्दा सदनमा पनि त्यसको जवाफ दिनुपर्छनै । सदन बाहिर प्रदेशमा चन्द्रमा पुऱ्याउने भाषण गर्नुहुन्छ तर संसदभित्र ति कुराहरु कहिल्यै पनि सुनिएन किन हाम्रो प्रदेश समृद्धि बनाउन कानूनि भन्दा विपरीत व्यापार जुवा घरनै खोल्नु पर्ने हो के अध्ययन गरेर बोल्नुभएको हो यी कुराहरु होइन भने प्रदेशकै बदनामी हुने गरी यस्ता भाषण गर्नु यहाँको न्यायोचित छ बरु आउँदो सदनमा छलफल गरौं यहाँबाट पारित भएपछी बाहिरको कार्यक्रममा बोल्नुहोला छलफलको पहिलो थलो सदननै हो । सभामुख महोदय, सरकारको प्रदेशभित्र पर्यटकीय गन्तव्य छानेर प्रदेशको काम गर्न लागेको सुन्दा खुशी लाग्यो तर भैसकेका ठाउँमा मात्रै पैसा खन्याएको कसरी पर्यटन प्रवर्द्धन हुन्छ । खै नयाँ गन्तव्यको खोजी कसैलाई दही दहीमा चिनी कसैलाई पानी पनि नदिनि भन्ने उखान झै चलिरहेको पर्यटकीय गन्तव्यमा पैसा हालेको हाल्यै छ । गन्तव्य खोजेर ल्यायो भने सुका पनि पर्दैन यो सरकारको नियत छर्लङ्ग छ । सभामुख महोदय, बहुचर्चित होमस्टे काण्ड कार्यकर्ता पोस्नका लागि मात्रै बजेट विनियोजन भयो भनेर दुनियाँले विरोध हुदाँ पनि सरकारले त्यसलाई पच्चिस करोड रुपैयाँ थपिएको छ । भारतबाट चाइनाबाट लगायत विभिन्न देशबाट आएका कुखुरा चामल पकाउँदा ब्राण्डेड रक्सी बेच्ने होमस्टेमा सरकारले कति समृद्धि देखेको होला मलाई अचम्म लागेको छ । पैसा नदिनु भनेको होइन पैसा दिने हो तर दिएको पैसा कत्तिको

प्रभावकारी छ अनुगमन गर्न कसले हो ? लक्ष्यमा चन्द्रमा छ मंगल ग्रह देख्ने हाम्रो सरकारको पखेटा हाल्ने कहिले हो ? के गाडी चढेर चन्द्रमा जाने बाटो खुलेको छ ? सभामुख महोदय, पर्यटकको घोडा चढेर समृद्धिको गन्तव्य खोजिरहेको गण्डकी सरकारलाई मेरो शुभकामना छ सुझाव छ । साच्चैकै पर्यटन हाम्रो पहिलो प्राथमिकता हो भने प्रदेश भित्रका कुनै पनि पर्यटकीय क्षेत्र नछुटाइकन प्रभावकारी गुरु योजना बनाउ र त्यसको प्रवर्द्धन गरेर पर्यटक बोलाउ नत्र कुराको च्युरा भिज्दैन सभामुख महोदय, पर्यटन भनेको पोखरा मात्रै हो र भन्ने हाम्रो मानसिकता अब बदलौं । फेवाताल मात्रै पर्यटन होइन माछापुच्छ्रे मात्रै पर्यटन होइन । यीनीहरु पनि पर्यटन हुन त हुन त तर यस्ता धेरै ठाउँहरु अरु जिल्लामा पनि छन् सरकारको हेक्का होस गोरखा, लमजुङ, मनाङ, मुस्ताङ, तनहुँ, बाग्लुङ, स्याग्दी लगायतका जिल्लामा पनि पर्यटनको सम्भावना छ । किन यी जिल्लाहरुलाई वेवास्ता गरिएको सभामुख महोदय, पर्यटकीय क्षेत्र भन्ने खोई त राजश्व कति उठेको छ सदनमा स्पष्ट गर्न आग्रह गर्दछु । त्यस्तै वनको जस्तो नीजि नीति नियमले गर्दा अहिले विचल्लि भएको सभामुख महोदय, किनभने वनको कारणले निर्माण व्यवसाय साथीले त्यही देखाएर सधैं खेल्ने बाटो भएको छ । मोटरबाटो बनाउने खेल्ने बाटो भएको छ यो तुरुन्तै सदनमा बजेट संगसंगै नीति नियम आएको भए बढी राम्रो हुन्थ्योकी प्रभावकारी हुन्थ्योकी जस्तो मलाई लागेको छ । गोरखाको नगरपालिका हटियाबाट बुडीको डाडा सम्म जाने पर्यटकीय क्षेत्रको योजना पनि मैले पेश गरेको थिए सभामुख महोदय, त्यो पनि पदमार्गको योजना कहाँ गयो मलाई थाहा भएन क्षेत्रमा धेरै पर्यटकीय मन्दिर छन् जस्तै गोरखाको स्वारा सुलीको डाडा हुँदै धार्चे निस्कने पदमार्ग किन वास्ता गरिएन सभामुख महोदय, राङरुङ मान्द्रे वारपाक लाप्राक हुँदै चुमढुङ्री चाइना निस्कन सक्ने पदमार्ग पालुङटार देखी हंशपुर खरीबोट हुँदै दुध पोखरी जाने पदमार्ग भग्नावशेष जस्तै भएको छ । भच्चेक देखी श्री डाडा हुँदै नागे पोखरी पदमार्ग बजेट किताबमा कतै देखेको छैन । यो कुरा सबै पदमार्गमा मात्रै सिमित हो त सभामुख महोदय, समृद्धि कसरी हुन्छ अजिरकोटको खिम्पु भन्ने ठाउँ

त्यहाँ काला बादल पदमार्ग पनि एउटा चर्चित ठाउँ हो त्यसलाई पनि केही वास्ता गरेको छैन । यी धेरै कुराहरु आउँदा आउँदै सभामुख महोदय, आज उद्योग कारखाना उद्योग गन्तव्यको कुराहरु आउँछ । उद्योग कलकारखानालाई कसरी प्राथमिकतामा राख्ने कुराहरु आउँछ । सभामुख महोदय, हामीसंग भएको रबर उद्योग कागज कारखाना स्मार्ट सिटी धेरै छन् । यदि सरकारले सक्दैन भने सभामुख महोदय, निजि कम्पनीलाई दिदा हुन्छ सभामुख महोदय, म त्यो आग्रह गर्न चाहन्छु । सरकारको केही हैसियत छैन भने यदि छ भने यहाँ पर्यटन मन्त्रालय उद्योग मन्त्रालयबाट आएका योजनाहरु हेर्दा मलाई कस्तो हाँसो हाँस्यास्पद कुरा लाग्दछ । सभामुख महोदय, हामीले योजना दियौं योजना मलाई मन्त्रालयबाट पनि फोन आएको थियो । सभामुख महोदय, तपाईले छानेको दुईटा योजना मात्रै हुन्छ भनेको त्यो जिस्काएको जस्तो भाको छ सभामुख महोदय, यदि जिस्काउने भने माननीयहरुलाई जिस्काउन पाउने कसले पाउने कसले नपाउने आफै मूल्याङ्कन गर्नपर्छ जस्तो मलाई लागेको छ। आज मन्त्रालयबाट फोन आउँछ योजना दुईटा हुन्छ तपाईंले भनेको हुन्छ किताबमा हेर्दा एउटा पनि हुँदैन । त्यो के कारणले नभएको हो मन्त्रीज्यूबाट त्यो स्पष्टी मैले जवाफ आशा गरेको छु र मन्त्रालय मन्त्रीज्यूनै हामी त कस्तो चेपुवामा परेका छौं भने गोरखामा मन्त्री हुनुहुन्छ खुशी लाग्छ र अर्को जिल्लाको मन्त्री आउँदा पनि खुशी लाग्छ । जानुहुन्छ सभामुख महोदय, तर योजना कन्फर्म भनेर आउनुहुन्छ त्यो योजना झिकिन्छ टपक्क लाएर त्यो पनि अन्याय हो त्यो पनि न्याय हो बुझ्न म मन्त्रीज्यूलाई आग्रह गर्दछु । आज मलाई लागेको छ पर्यटन वर्ष मनाउँदै गर्छ पर्यटन वर्षको समिति हिजो मात्रै बैठक बसेको छ यत्रो वर्ष के हेरेर वसेको होला सभामुख महोदय, यत्रा दुई वर्ष कार्यकाल गैसक्यो समिति बल्ल बल्ल बन्यो हिजो मात्रै बनेको समिति बैठक बसेर पर्यटन वर्ष मनाउने कुराहरु आएको छ । यसलाई पनि अलिकति ध्यान दिनुपर्छ जस्तो मलाई लाग्दछ । आज मलाई जसरी एउटा पिडादायी क्षण भएको छ सभामुख महोदय, जनताको कुरा सुन्दा होमस्टेका कुराहरु आयो होमस्टेमा पैसा दिनुपर्छ सभामुख महोदय, ठिक छ त्यसको

अनुगमन गर्ने पनि वातावरणमा अनुगमन गर्ने पनि कसले हो त्यो पनि स्पष्ट हुनुपर्छ त्यो पनि मलाई लाग्दछ। होमस्टेमा मन्त्रीज्यूहरु जानुहुन्छ त्यहाँ भएका प्रतिनिधि सांसदहरुलाई केही पनि थाहा हुँदैन । सभामुख महोदय, यही हो त हामीले बनाएको नीति नियम कानून यही हो त हामीले गरेको एउटा सदनबाट पास गरेको ठेली बुक जनताको एउटा साच्चै भन्दा इमान्दारिता बनाएका छौं हामीले निष्पक्ष बनाएकाछौं त्यसैले म के आग्रह गर्छु भने सदनमा सभामुख मार्फत सरकारमा रहने मन्त्रीज्यूहरु सरकारमा रहेका संपूर्ण हाम्रा अग्रजहरुलाई के आग्रह गर्छु भने आजको दिनबाट जे गर्नु छ जनताको भलोको लागि गर्नुपर्छ हामीले भन्ने गरेका छौं हामी प्रतिपक्ष हुँदैमा कसैको विरोध गर्दैनौं तर बाध्यता हुँदोरहेछ नभाको कुरो भएन भन्नु पर्छ भाको कुरो भएको भन्छौं हामी त्यसैले म अब तपाईंहरु समक्ष सभामुख मार्फत सरकारलाई अब धेरै सरकारबाट जनतालाई झुठो आश्वासन गैसक्यो । सरकारमा रहने माननीयहरुले भन्नुहुन्छ हामीलाई त पिडा छ तर बाहिर बोल्न पाईदैन भन्नुहुन्छ मलाई खुशी लाग्छ । बाध्यता हो यो नेपालकै नियमै त्यही छ । बोल्न पाईदोरहेनछ तर हामी भन्छौं जे भन्छौं सत्य कुरा कहाँ के भएको छ भन्छौं तर सरकारलाई म ध्यान आकर्षण के गर्न चाहन्छु भने सभामुख मार्फत आईन्दा माननीयहरुलाई प्रतिपक्ष हो भनेर लेटर प्याडमा आएका झण्डाको लोगो देख्दैमा त्यो झण्डाको लोगोलाई अन्त नफालिदिनुहुन आग्रह गर्छु । माग्नुहुन्छ मागेको लेटर मागेको चिठ्ठी दुःख गरेर लगेको चिठ्ठी झिकेर फालिन्छ त्यो मूल्याङ्कन गरिदिन आग्रह गर्छु र अन्तमा धेरै कुराहरु आईसके सरकार पुतलि जस्तो बन्ने दाबी गरेको छ । हिडिरहेको छ हामीलाई लार्वामै सिमित भएको कुरा गरिरहेका छौं । सरकारले यति धेरै गल्ति गरिरहेको छ प्रश्न गर्‍यो भने हामी नयाँ हौं जवाफ दिन्छ दुई वर्ष पुग्न लागिसक्यो सरकार बनेको अझै बच्चा छौं भन्छ । सय वर्षको आयु भएको मान्छेलाई पो दुई वर्ष कटौति उमेर भयो । सरकारलाई हेक्का होस यो सरकारको आयु पाँच वर्ष हो। त्यसैले अब बच्चा छैन लक्का जवान भैसक्यो । बच्चा छु भनेर उम्किनु पाईदैन । धन्यवाद। जय नेपाल ।

## माननीय सभामुख

माननीय सदस्य श्री ओमकला गौतमलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री ओमकला गौतम

माननीय सभामुख महोदय, आज हामी आर्थिक वर्ष ०७६/०७७ को वार्षिक बजेट तथा विकास कार्यक्रमको छलफलको क्रममा छौं । सभामुख महोदय, उद्योग वन तथा पर्यटन मन्त्रालय अन्तर्गत क्रमसंख्या ६६ देखी ३८३ सम्म पेज नम्बर ५ देखी ३६ सम्म सरसरी हेर्दा मलाई अचम्म लाग्यो । सभामुख महोदय, यो बजेट वास्तवमा भन्दा एउटै कुरालाई तालिम, गोष्ठी, अभिमुखीकरण भन्या छ छरेको छ एउटै शिर्षकमा दोहोरिएर तेहेरिएर चौरिएर आठौं दशौं स्थानमा पनि छ । सभामुख महोदय, मैले यस बजेटलाई कनिका छरे जस्तो छरेको पनि भन्न चाहन्छु । जुन कनिका हिलोमा छरिन्छ परेवा जान्छ टयाप्प टिप्न खोज्छ त्यो चुच्चो हिलोमै गड्छ त्यो न कनिका खान पाउँछ न त त्यो परेवानै अघाउँछ त्यसकारणले यो बजेटलाई मैले यसरी हेरेको छु । माननीय सभामुख महोदय, वास्तवमा बोलम के बोलम नबोलम त के भने जस्तै बोलम मुख मैलो नबोलम डढो थैलो अब बोल्दा यीनिहरु प्रतिपक्ष हुन खाली विरोध गरे भने जस्तो सरकारलाई लाग्छ होला हामीलाई पनि त्यो छैन गुण र दोषको आधारमा सहयोग र सपोर्ट गर्छौं भनेर हामीले विगत देखी भन्दै आएका छौं । अहिले पनि मेरो भनाई त्यही हो । वास्तवमा मुलुकको समृद्धिको निम्ति प्रदेशवासी जनताको निम्ति र समावेशी समानुपातिक र सबै ठाउँमा विकास आवश्यक छ भन्ने यो सरकारलाई हेक्का हुनुपर्छ सम्बन्धित मन्त्रीज्यूलाई पनि हेक्का हुनुपर्छ । मैले निवेदन के गर्न चाहन्छु भने मैले यो रातो किताबको विषय वास्तवमा मैले बोकेर ल्याउनु पर्थ्यो यो किताबको त्यत्रो पेज हेर्दा त्यो उठाउँदा अघि पूर्व वक्ता माननीयज्यूहरु बाट थुप्रै कुरा आए भाव हामीले सत्ता पक्षको पनि बुझेका

छौं प्रतिपक्षलाई त विरोधै गर्ने भनेर यहाँहरुले भन्नुनै भाको छ भाव बुझ्ने कुरो हो । कसैले खरो रुपमा प्रस्तुत होला कसैले घुमाएर जाला त्यत्रो पेजको आउँदाखेरी वास्तवमा मैले हेरे सरर मैले के भनौं के नभनौं वास्तवमा मैले भन्दा साच्चै सबै मेरो हो भने त्यो रेड बुक यो प्रदेश गण्डकी प्रदेश भित्र र यो एघारै जिल्ला र म समानुपातिक उम्मेदवार म एघारै जिल्लाको मत खाएको मान्छे सप्पै मेरो योजना भनौ मैले सप्पै मैले दिएको भनौं तो पनि म भन्न सक्छु । साच्चिकै झुट बोल्ने हो भने हैन भने नेपाली काङ्ग्रेस अर्थात प्रतिपक्षको योजना किन माग गरियो यहाँहरुले छाप्ने बेलामा ह्वाइट पेपर पुगेन भने हामीलाई ह्वाइट पेपर सहित लिएर आइजा हामी तिम्रा योजना समावेश गर्छौं भन्नु पर्थ्यो कि त किन छाप्दा छुटे के आज नवलपुरमा विकासको आवश्यकता छैन ? माननीय सभामुख महोदय, माननीय सम्बन्धित मन्त्रीजि माननीय सभामुख मार्फत माननीय मन्त्रीज्यू विकास लम्सालज्यूलाई मैले प्रश्न गर्न चाहन्छु । अघि पनि त्यो कुरा उठिसक्यो मठ मन्दिरको यो विषयमा हामी लिदैनौं यो यहाँ होइन सामाजिक विकास मन्त्रालयमा भन्नुभो । मैले त्यो निवेदन फेरी रिर्टन लिन चाहिन तपाइकै मन्त्रालयमा राख्नुस भोलि आयो भनेनि मैले भनेको छु यही हुनुहुन्छ वहाँ माननीय सभामुख मार्फत वहाँलाई सोध्दै छु र मैले लगिन दिए । वहाले म त्यहाँ पठाउँछु भन्नुभयो तर आज त्यो हामीलाई त्यो भन्ने र त्यो मठ मन्दिर परेकोलाई म सम्मान गर्छु आज सबै जो जहाँ जति ठाउँ धार्मिक स्थलमा हाल्नुभाको छ त्यसको विरोध हैन मेरो सम्मान गर्छु तर के नवलपुरमा मठ मन्दिर थिएनन् के नवलपुरमा मौला कालिका मन्दिर छैन के नवलपुरमा दाउन्ने देवीको मन्दिर छैन के नवलपुरमा त्यत्रो गजेन्द्र मोक्ष धाम छ कि छैन हेक्का त सरकारलाई हुनुपर्योनि आज त्यो पनि त्यो छुटेको छ । त्यति मात्रै हैन थुप्रै मठ मन्दिरहरु गुम्बा सहितको निवेदन मलाई लाग्छ मसंग अहिले पनि म अहिले एउटा प्रत्येकको ओसी राखेको छु । त्यो किन अटाएन माननीय सभामुख महोदय, के हामी प्रतिपक्षकै भएको कारणले हो अथवा समानुपातिक हो भनौ भने पनि सत्ता हाम्रो प्रत्यक्षको माननीयज्यूहरुको पनि मैले देखिन । एक त प्रतिपक्ष र सत्तापक्षमा विभेद

त्यसपछी फेरी समानुपातिक र प्रत्यक्षमा पनि यहाँ विभेद छ । यो दोश्रो दर्जाको हो समानुपातिक भन्या माननीय सभामुख महोदय, यो फेरी पनि यो पुनः सच्चाईयोस पुर्नविचार गरियोस मैले यहाँलाई निवेदन गर्न चाहन्छु । माननीय सभामुख महोदय, यो पर्यटन मार्ग भनेर मैले देबघाट र मौलाकालिका जोड्ने पर्यटन मार्ग भनेर धन्य कताकताबाट त्यो बुकमा अटाउँन सफल भएछ तैपनि तामाङलाई टच गरेर यसको लागि धन्यवाद नदिईरहन सक्दिन । कमसेकम मौलाकालिका त नवलपरासीमा पर्छनि देबघाटलाई टच गरेर भएपनि र त्यो भन्दै गर्दा देबचुलिलाई पर्यटकीय स्थल बनाउने भनेर गतसालदेखीनै मैले घोकेको घोकेइ छु फोन गरेको गरेइ छु । निवेदन पनि दिएको थिए र हाम्रो मलाई लाग्छ अरु सत्ता पक्षको माननीयजीले पनि दिनुभाको छ तर त्यो देबचुली डाँडोलाइ एउटा भ्यु टावर निर्माण स्थलमार्ग पैदल मार्ग बनाउने भनेर हामी घोकेको घोकेइ गर्ने घ्याक्रो फुलाएको फुलाई गर्ने त्यो किन छुट्यो ? ए त्यहाँ आवश्यकता छैन ? के नवलपुरको विकास गर्न जरुरी छैन त्यो किन छुट्यो ? गत साल पनि दिएको छ अहिले पनि दिएको छ । त्यसलाई सम्बोधन भएको छैन त्यति मात्रै हैन सभामुख महोदय जहाँ जहाँ ताल तलैयाको लागि पऱ्यो त्यसको म सम्मान गर्छु तर मलाई के लाग्छ भने आश्चर्य मैले यो बुदा हेर्ननि पर्दैन मलाई खरर थाहा छ किनभने मन्त्रीज्यूलाई भेट्या छु भनेको छु फोन गरेको छु तरुवा ताल जहाँ गएर मन्त्रीजीले आफै भाषण गर्नुभाको छ त्यहाँको बुलबुल निस्केको पानीले वहाँ हर्षित भएर त्यही सम्बन्धित मन्त्री हास्दै ओहो यस्तो नेचुरल पानी मलाई कल्पनै थिएन यो यो गजब रहेछ भनेर त्यही ठाउँमा खादा र माला त्यहाँका जनताबाट पहिरिएर त्यही भाषण गरेर यो त यो पऱ्यो पऱ्यो भनेर त्यहाँ मात्रै होईन सभामुख महोदय वहाँले बोलेको आर्को कार्यक्रममा जाँदा समेत ओहो कावासोतिमा तरुवा ताल त यस्तो सुन्दर रहेछ मैले तेलाइ बजेट त हाले हाले भनेर दुइटा कार्यक्रममा बोल्नुभाको मन्त्रीज्यूलाई हेक्का भए यही हुनुहुन्छ र त्यो तरुवा ताललाई सम्बोधन किन गर्न सकिएन कि त्यो सत्ता प्रतिपक्षको सांसदको वाड अथवा नगरपालिका अथवा उसले ल्याएको निवेदन भएको

कारणले हो । यो म प्रश्न गर्न चाहन्छु के त्यहाँ आवश्यकता थिएन होला फेवाताल जत्रो ठूलो एरियमा क्षेत्रफल ओगटेको थिएन होला प्रकृति फेवा तालको जस्तै हो सानो एरिया भएपनि त्यहाँको स्वच्छ पानी आएको त्यो आफै नेचुरल निक्लेको त्यहाँ हामीले कुनै जल ल्याएर कहीबाट ल्याएर पोखरी बनाउन पर्ने थिएन । माननीय सभामुख महोदय, यी कुराहरु छुटेका छन् । त्यस्तै रुद्रपुर गढीलाई पनि त्यो पर्यटकीय मार्ग बनाउने भनेर दिएको त्यो पनि छुटेको छ र धार्मिक र पर्यटकीय स्थलले गर्नुपर्ने धेरै छन् नवलपुर जिल्लामा ति सबै छुटेका छन् माननीय सभामुख महोदय, एउटा मलाई खुशी लाग्यो त्यसको पनि मैले धन्यवाद दिन धन्नै बिर्सेनछु । लोकायलाई कता कताबाट लोकायलाई उद्योगग्राम स्थापना गर्ने भनेर त्यो रातो किताबमा अटाउन सफल भएछ । यसको लागि पनि म मुरी मुरी म यहाँलाई धन्यवाद दिन चाहन्छु । यो सरकारलाई र सम्बन्धित मन्त्रीज्यूलाई कमसेकम एउटा कावासोति नगरपालिकाको लोकायालाई त्यति सम्म सम्झिन सक्नुभएछ । त्यसैले मैले मेरो निवेदन र आग्रह के हो भने हामी के भने हामी सबै जनप्रतिनिधि हौं र जनताको प्रतिनिधि सबैको जनताप्रति उत्तरदायी उत्तिकै हुन्छ र विकासका कार्यक्रम भनेको हरेक ठाउँमा हरेक टोल टोलमा लान जरुरी छ। जहाँ पनि आवश्यकता हो एकैचोटी सबै छलाङ मार्न नसकिएला एकैचोटी सबै ठाउँको गर्न नसकिएला कमसेकम इमपोर्टेन्ट दिएर प्रायोरिटी दिएर जहाँ आवश्यकता छ त्यहाँलाई त प्रायोरिटी दिएर त गर्न पर्योनि समावेशी हिसाबबाट किन गरिदैन र यत्रा मन्दिर हाल्दा यत्रो मन्दिर माननीयजीले हाल्दा हाम्रो निवेदन किन एसेप्ट गर्न मानिएन ? यो म प्रश्न गर्न चाहन्छु यसको जवाफ पक्कै आउँनेछ र त्यो भन्दै गर्दा फेरी मैले अब त सामाजिक विकास मन्त्रीज्यू कहाँ पनि म गए साच्चै सामाजिक विकास मन्त्रीज्यू कहाँ आउने भन्दा मलाई वहाँले बुकमा देखाउनुभयो जम्मा ३६ लाख छ माननीयजी अब मैले कतिवटा मन्दिरलाई दिउँ त ल जम्मै एकमुष्ठमा हालेको छ ३६ लाखबाट मैले कुन कुन मन्दिरलाई दिने भनेर मलाई बुकै देखाउनुभयो वहाँले त्यसैले सभामुख महोदय, अहिले पनि फेरी त्यो के भन्छ अवण्डा बजेट वासकील

फण्ड अर्थात पोके बजेट अथवा धोके बजेट फेरी त्यो धोके बजेट किन राखियो र गत साल पनि धोके बजेटको विषयमा हामीले कुरा उठाएका थियौं । यसबाट धोका हुन्छकी यसले कार्यकर्ता पोषण गर्ने सत्ता पक्षले मात्रै आफ्नो कार्यकर्तालाई पोषण गर्ने काम गर्छकी भनेर भन्दा आमा बन्छौ बाउ बन्छौ हामी अभिभावक बनेर सबैलाई समावेशी हिसाबले माननीयज्यूहरुका योजना प्राथमिकता र सोधेर दिन्छौं भनियो मलाई लाग्छ त्यो केही भएन र माननीय मन्त्रीज्यूकै सम्बन्धित मन्त्रालयमा म बोल्दै गर्दा फेरी धन्यवाद दिन वहाँलाई आए । भन्दा भन्दा गतसालको पनि केही सम्बोधन नभएर लास्टमा मन्दिरको भनेर त्यो वान्टेड खोलिए झै एउटा कार्यविधि बनाएर सूचना निकालिएछ विज्ञापन खोलिएछ भनौं त्यो विज्ञापनमा त्यही पनि इन्जिनियर के गरा इस्टिमेट गरा के गरा जम्मा दुइ लाखको ल लिएर आइजा भन्नुभयो मैले के भने ल माननीयज्यू वहाँहरुले दिनुहुन्न फेरी दुख गरेर लेटर प्याडमा लेखेर ल्याउत हैन पर्छ लेउनुस्न भन्नुभयो दुइटा मन्दिरलाई म धेरै ल्याउँदिन दुइटा मन्दिरको ल्याउँछु दुइ दुना चार लाख ल यो हाल्दिनुहोला है त यो पोका सोका त तपाइले दिनु भएन भएन नताललाई हाल्दिनुभयो यति सम्म हाल्दिनु होला है भनेको धन्न धन्न एक एक लाख हाल्दिनु भएछ दुइ लाख कति करोडको बजेटमा दुइ लाख हाल्दिएकोमा माननीय सभामुख मार्फत माननीय सम्बन्धित मन्त्री विकास लम्सालज्यूलाई नवलपुर जिल्लामा गत साल परेको दुइ लाखको योजनाको लागि धेरै धेरै धन्यवाद दिन चाहन्छु र त्यसैले यो बजेट जसरी हाल्नुभाको छ नि यसलाई पनि कार्यान्वयन पनि राम्रोसंग गर्नुस । गत सालको बजेट फछ्र्यौट नभएर कार्यान्वयन नभएर पैसा रहने योजना प्रभावित हुने खालको भयो अहिले पनि तपाइहरुले यो मन्त्रालय अन्तर्गत हालेको बजेटको त्यही दुर्गति नहोस् र यसलाई कार्यान्वयन गराउन लाग्नुस हामी प्रतिपक्षको त तपाइहरुले विश्वास गर्नुभएन तपाइहरुकै सत्ता पक्षको शक्तिलाई परिचालन गरेर भएपनि समयमै यो बजेटलाई कार्यान्वयन गर्नुस फछ्र्यौट गराउनुस सफलतापूर्वक चलोस म सरकारलाई शुभकामना दिन चाहन्छु र अब अब के भनौं भनेपछी अब धेरै कुराहरु आउँछन् अब

त्यो रातो किताबमा दोहोरिएका तेहेरिएका कसका कहाँका परेका नपरेका सर्लक्क सबैको हातमा बुक छ सबैले अध्ययन गर्नुभएको छ । शायद मैले भन्नु पर्दैन र यदि छ भने प्रमाण सहित तैले भनेको यहाँ छ भनेर ठ्याक्कै ल्याएको भन्दा अहिले ल्याउँदा म (माननीय सभामुख- माननीय सदस्य समाय सकियो) मैले देख्न जानिनछु भनेर मैले त आफूलाई धन्य मान्नेछु भन्दै आगामी दिनमा यस्ता विभेदका आँखाले नहेरियोस र फेरी करेक्सन गरेर सच्चाईएर आवश्यकता अनुसार आवश्यकता नभएका सरकार र प्रतिपक्ष भन्या छैन मैले आवश्यकता अनुसार प्रायोरिटी

(माननीय सभामुख- माननीय सदस्य समाय सकियो)

दिएर योजनाहरु गरियोस धन्यवाद जय नेपाल ।

## माननीय सभामुख

माननीय सदस्य श्री मणिभद्र शर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री मणिभद्र शर्मा

सभामुख महोदय, यो सरकारको सबै भन्दा चिटिक्क परेको राम्रो देखिने मन्त्रीले ल्याएको बजेट अब नराम्रो भने रिसाउछकी भन्ने डर हिजोको एउटा मन्त्री अलि अलि रिसाएर जानुभयो खाली नेगेटिभ कुरा गर्नुभो भन्नुभो मैले त छ सातवटा बुँदा मात्र टिप्पणी गर्याथे । अरुमा त म बोलेकै थिएन मेरो मौन समर्थन त थियोनि वहाँले त्यो बुझ्नु भएन अब आजको मन्त्री त अलि चलाख पनि हुनुहुन्छ । बाहुनको छोरो टाठो पनि छ अब उलेत बुझ्ला मैले थोरै बुँदामा मात्र टिप्पणी गर्छु । यो ब्लकका पैसा नराख्ने भनेर भन्यौं अब फेरी पनि राखियो अब के पुच्छर बाह्र वर्ष के के भन्ने छ त्यसलाई धेरै नभनौं अब यहाँ केही कुराहरु आए बुँदा नम्बर ६८ प्रदेश व्यवसाय मञ्चको कार्यक्रम संचालन पचास लाख अब यसमा कतिवटा कार्यक्रम केही छैन ब्लक त्यसपछी ७१ आयो अब यसमा पनि स्थानीय तहसंग समन्वय गरी अब के के खानीहरु यताउतिका कुराहरु आए मलाई यो खानीका बारेमा एउटा अनुरोध गर्न मन लाग्यो

खानी हाम्रो प्रदेशमा खुल्दिए राम्रो हो । हामी धनी हुने थिएम त्यो खानीबाट आम्दानी हुने थियो रोजगारी पनि यहाँकै मान्छेहरुले प्राथमिकता पाउँने थिए तर यो चासो हामीले भन्दा पहिला उताकाले माथीकाले दाइले गरिदिएर अनि हामीलाई र तिमीहरु पनि आउँ भनिदिएका भए हुने थियो उता दाइसित कुरा गर्न पाएका भए राम्रो हुन्थ्यो । हामी अलि हत्पताएमकि अनि यो पैसाले केही छेउ टुप्पै हुँदैनकी किन हत्पताएम भन्नि मलाई लाग्यो अनि त्यसपछी अर्को एउटा छ यो कुमाल दलित आदिका सीपका बारेमा यसमा हामीले एउटा संसोधन राखेका थियौं अरुलाई पनि समेट्न पर्छ भनेर अरु नसकेनि एउटा गाइनेलाई समेटिदिनुहोला गाइनेहरुले आजभोलि त्यो बजाउने बाजा बनाउने कुरा बिर्सन लागेका छन् र गाउने शिप पनि तिनिहरुमा विकसित गराइदिउ त्यो शिप विकसित गराउने पनि तालिममा यहाँ धेरै अरुहरु शिर्षकका तालिमका पैसा अलिकति कटाएर त्यता लगिदिएर तिनीहरुलाई गाउने शिप क्षमता तो बनाउने लोकल तरिकाले बनाउने तो भाडो बनाउने बजाउने भाडो के सारङ्गे भनिन्छ बोलचालको भाषामा तेलाई शिप विकसित गर्ने एउटा जोड दिनुहोला त्यो अनुरोध गरे । अब त्यसपछी गएर यो लोकाहा मेग्लुङ पालुङटारमा औद्यौगिक क्षेत्र बनाउने कुरा छ यस्ता ठाउँ हाम्रो बाग्लुङतिरनि थिए त्यस्तै टारहरु पालुङटार जस्ता टार त्यत्रै त्यत्रै टार छन् त्यतापनि त्यतापनि यसो छोइदिए हुन्थ्यो अहिले कालीगण्डकी कोरीडोर अनि मध्यपहाडी राजमार्गले उता दक्षिण भेगतिरबाट आगामन पनि सजिलो बनाएको छ । उताबाटै ल्याउनिहोला फेरी कच्चा पदार्थ त्यसो हुनाले यता जस्तै त्यता पनि गर्न पाए कस्तो हुन्थ्यो एक दुइटा यसो छुवाइदिनु पाकोभाए हुन्थ्यो अब त्यतातिर अलिकति मन्त्रीज्यूको ध्यान पुग्योकी पुगेन मलाई त अहिले कस्तो लागेथ्यो भने यो कम्युनिष्टको सरकार हो यसले ठूला ठूला आकांक्षा राख्छ महत्वाकांक्षी बजेट पनि बनाउँछ भन्दा मलाई त अहिले उद्योग मन्त्रालयबाट यो अब पूर्ववर्ति सरकारले मुखले ल्याएका विद्युतका प्रोजेक्टहरुबाट थुप्रै विद्युत पनि निक्लिदै छ अब त्यो विद्युत खपत गर्नका लागि ठ्याक्क अहिले कारको उद्योग हुन्छ अब मोटरहरुको उद्योग यो सरकारले शुरु गर्छ अनि विद्युत खपत पनि

हुन्छ  उता इन्धन आयात पनि रोकिन्छ । निश्चय पनि त्यस्तो महत्वाकांक्षी कुरा ल्याउला भन्नि लाग्थ्यो महत्वकांक्षा त त्यस्तो खाले आएन । अब यसपाली नआए आर्को पटक आउँला अब आशा गर्नै पर्यो । अब त्यस्तो ढङ्गको सोच्याथे मैले अब त्यस्तो ढङ्गको अलिकति आएन अनि यो होमस्टेका बारेमा मेरो एउटा धारणा मैले पहिला पनि भनेको थिए यो आफै स्वतह स्फूर्त रुपमा जाहाँ जाहाँ होमस्टे पहिला चलाएका छन् । तिनको स्वभाविक रुपमा राम्रै चलेको छ तिनको मैलिकपना पनि छ हामीले के के कानून बनायौं  अनि त्यसपछी विधिहरु पनि बनायौं तिनले त्यो मौलिकपनालाई पनि कता कता होमस्टे चलाएको मौलिकपनालाई पनि कता कता असर गर्यो अनि अलिकति अब सरकारले बजेट दिन्छु भनिहाल्या छ हेरीहालौं न पैसा त अलिकति आइहाल्छन्त आफ्नो गाउँमा भन्नि सोचले काम गरेकाको सदुपयोग कति भाछ अहिले सम्म अब कति हुन्छ यसको अलि मूल्याङ्कन गहिरैसित गर्न पर्ने होकी भन्ने मलाई लागेको छ । मैले विरोध अहिले अनुरोध गरेको हो यसलाई अनुरोधै भनेर बुझिदिनुहोला अनि यो प्रत्येक जिल्लामा चारवटा पर्यटन क्षेत्र पर्यटकीय क्षेत्र छनौट गर्ने भनियो त्यो राम्रै कुरा हो तर यसमा मलाई अलिकति अनुरोध गर्न के मन लाग्यो भने ठूला भौगोलिक क्षेत्र भएका धेरै जनसंख्या भएका ठाउँमा त चारवटाका ठाउँमा छ वटा सात वटा पनि दिए हुदैन्थ्यो र त्यस्ता त्यस्तो गर्न मिल्दैन्थ्यो र त्यस्तो के कानूनी वाध्यता छ र जत्रालाई पनि चारवटै गराउन पर्छ भन्नी यसमा पनि बुद्धिमत्तापूर्ण तरिकाले सोचिदिन अनुरोध गर्दै आफ्ना यी भनाईहरु अगाडि बढाउँछु । सभामुख महोदय, अब यो औद्यौगिक क्षेत्र फेरी उतातिर तिन गर्यो अर्कोतिर फेरी यहाँ एउटा राखेको छ यो भोटे पोखरी भन्ने ठाउँमा फेरी त्यो दुई तिन थरी किन गर्न पर्यो एउटै नियम कानून प्रक्रियाले समेट्ने गरी गर्न पाए हुन्थ्योकी अब एक तहमा एक औद्यौगीक क्षेत्र भन्ने कुराहरु पनि आएका छन् । अब यो एक तहमा एक औद्योगिक क्षेत्र पहिला एउटा पालिकामा एउटा हस्पिटल भनेर आयो पोहोर साल ति कतिपय गाह्रा कुराहरु हुन दुईटा तिनटा मिलाएर एउटा औद्यौगिक क्षेत्र दुइटा तिनटा पालिका मिलाएर एउटा

औद्यौगिक क्षेत्र बनाउन पर्ने पनि होलान अनि एउटै पालिकामा तिनवटा चारवटा औद्यौगिक क्षेत्र राख्न पर्नेनि होलान् यहाँ विवेक मिसियो की मिसिएन ठूला जस्तो महानगरपालिका छ एउटा औद्यौगिक क्षेत्र यस्तै अरु ठूला औद्यौगिक क्षेत्र छन् । ठूलो जनसंख्या भूगोल भएका नगरपालिका गाउँपालिकाहरु छन् त्यहाँ पनि एउटा कही त दुइवटा तिनवटा आवश्यक पर्ने होला कही एउटा पनि औद्यौगिक क्षेत्र सम्भावना नभएको होला त्यसो हुनाले यसका बारेमा अलि यथार्थवादी व्यवहारवादी भएर सोच्न अनुरोध गरे र यो एघार ठाउँमा अति गरिब परिवारका लागि दश जानालाई अति गरिब परिवारको लागि कम्तिमा दश जानाका लागि हुने गरी साझा सुविधा केन्द्रको स्थापना भन्ने शिर्षक राखिएको छ । यो साझा यसले दशजानालाई बस्ने साझा सुविधा केन्द्र यो औद्यौगिक दृष्टिकोणले हो भने यो लघु उद्योगसंग जोडिएको हो भने औद्यौगिक हिसाब किताबले हो भने त्यो दश लाखले केही अर्थै राख्दैन । त्यहाँ उद्योगसित पनि जोडिन पर्यो दश जाना मान्छे बसेर उद्योग चलाउन मिल्निगरी हो भने त्यो दश लाखको केही अर्थै छैन हैन बस्नी ठाउँ मात्रै बनाएको हो भने एउटा घरका दश जाना होकी दश घरका दश जाना हो त्यहाँ ल्याएर राख्ने हो यस्तो गोलमटोल जस्तो देखिन्छ यो त्यो पहिला त मैले तिन चार ठाउँमा देखे पछी खोज्दै जादाँखेरी एघारै ठाउँमा रहेछ त्यस्तो अब त्यो एघारै जिल्लाको लागि होला त्यो लेख्नी बेलामा फेरी धेरै पेजमा लेखिएको छ । धेरै शिर्षकमा छ त्यो एउटै वाक्यांशले एउटै शिर्षकमा अट्थ्यो किताब ठूलो बनाउँन मन लाग्यो होला अब स्यान् स्यानो बनाउँदा पताउन्नन्कि भन्ने भयो होला आर्को यो १४८ बुदाँमा एउटा यो अनौठाको कुरो छ मैले तिन पटक चश्मा खोलेर हेरे चश्मा लगाएरै हेरे चश्मा लगाएर हेर्दानि मैले त्यसको अर्थ लगाउनै जानिन अनि यो के रहेछ भनेर फेरी आएर मन्त्रीज्यूलाई सोधे त्यो १४८ नम्बर बुदाँ सत्तापक्षका माननीय साथीहरुलाई पनि तो बुदाँ नम्बर १४८ गम्भिरताकासाथ पढ्दिन अनुरोध गर्दछु । त्यसको अर्थ तपाईहरुले मलाई खुसुक्क बुझाईदिनुभएछ भने पनि धन्यवाद दिनेछु । अनि यो केही बुदाँहरु राम्रा पनि छन् ५४२, ५५९, ३०३, ३०४ यी

कार्यान्वयनमा बदमाशी भएन भने यी बुदाँहरु राम्रा पनि छन् यीनलाई मन्त्रीज्यूले आफूले इज्जत बच्ने गरी कार्यान्वयन गर्न होश राख्नुहोला भनेर अनुरोध थपे अब मैले मन्त्रीज्यूकहाँ र साथीहरुले यो बजेट परेन मलाई भनेर धेरै गुनासाहरु गरे मैले यसो हेर्दा खेरी दुनाको घ्यू कहाँ पोखियो भागैमा भन्ने बुढाहरुको एउटा उखान थियो । जताबाट गएनि यही प्रदेशमा खर्च हुनि त हो भनेर एक मनले चित्त पनि बुझाउन कोशिश पनि गरे अनि सबै साथीहरुका गुनासाहरु पनि आए । अनि मलाई पनि कस्तो लाग्यो भने यो मानविय व्यवहार एउटा पक्ष हो मानविय व्यवहार भनेको ल ल्याउ भनेर लेख्न लगाउने निवेदन दिन लगाउने अनि त्यो कागज फेरी टोकरामा कच्याक कुचुक पारेर फाल्ने त्यो मानविय व्यवहारभित्र पर्छ की पर्दैन अझ फोन गरेर पनि सोध्नि फेरी ल लाष्टमा तपाईले

( माननीय सभामुख — माननीय सदस्य समय सकियो )

भने जति सकिएन एक दुईटा त सकिन्छकी भनेर पनि सोध्ने अनि ति पनि नपर्ने । अझ अर्को रमाईलो कुरा हाम्रो स्वर्गिय रविन्द्रजी प्रति म श्रद्धा सुमन गर्दै वहाँ केन्द्रको मन्त्री हुनुहुन्थ्यो केन्द्रले कति करोड बजेट वहाँका नाममा यो पोखरेलीलाई इज्जत बढ्ने गरी छुट्टाईदियो अहिले

( माननीय सभामुख — माननीय सदस्य समय सकियो )

बहालवाला मन्त्रीजी बित्दाखेरी यहाँ हामीले छुट्टायौं हामीले वि. पी कोइरालाको नाममा एउटा स्मृति पार्कलाई बजेट दिनुहोस भन्दा व्यक्तिका नाममा दिइन्न भनेर हामीलाई मन्त्रायबाट जवाफ आएको छ । यस्तो अन्याय नगरियोस् । धन्यवाद। जय नेपाल।

**माननीय सभामुख**

माननीय सदस्य श्री मन बहादुर गुरुङ**लाई** छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय श्री मन बहादुर गुरुङ**

माननीय सभामुखज्यू, आर्थिक वर्ष ०७६/०७७ को वार्षिक विकास कार्यक्रम र विषयगत छलफलमा हामी छौं । केही माननीयज्यूहरुले छलफलमा भाग लिईसकेको छ केही माननीयज्यूहरुको बाँकी छ । म पनि त्यस छलफलमा सहभागी भएको छु। सभामुख महोदय, मैले केही पर्यटन विज्ञहरुको भनाई सुनेको थियो मानव निर्मित भन्दा पनि प्रकृतिले दिएको चिजलाई हामीले चिन्न सक्यौं भने साच्चैनै त्यो चाडो विकासको सफलताको समृद्धिको उचाईमा पुग्न सकिन्छ भनेर मैले सुन्ने गरेको थियो। साच्चिकै रुपमा नेपाल देशले त्यो प्राप्त गरेको छ । नेपाल देशले सित्तैमै पर्यटन विकास पाएको छ भन्ने मलाई लाग्दछ । त्यसैलेनै होला प्राकृतिक दृष्टिकोणले यो सबै भन्दा सुन्दर हामी सानो पनि भन्छौं गरिब पनि भन्छौं तर प्रकृतिले हामीलाई त्यस्तो बरदान दिएको छ की संसारको बहत्तर प्रतिशत जैविक विविधताले विविधता भएको देश नेपाल पच्चिस हजार भन्दा करीब करीब पच्चिस हजार भन्दा लाली गुराँसहरुको भएको देश त्यति मात्र काहाँ हो र संसारको दोश्रो धेरै बाघ भएको देश संसारको दोश्रो गैडा भएको देश हिमालको त कुरै छाडौं संसारको सबै भन्दा होचो गल्छी भएको देश त्यति मात्र कहाँ हो र सभामुख महोदय, ८०८ प्रजातिको चराचुरुङ्गिनै यो देशमा पाईन्छ । त्यसकारण यो गण्डकी प्रदेश सरकारले यो विकासको आधार तयार गर्दा खेरी सबै भन्दा समृद्धिको आधार तयार गर्न सक्ने पर्यटन हो भनेर पहिलो नम्बरमा छनौंट गर्नु मेरो विचारमा यो सरकार सिद्धान्तमै स्पष्ट छ उद्देश्यमै स्पष्ट र केन्द्रित छ र प्राथमिकताको आधारमा यो सरकारले बजेट तय गरिसकेको छ । त्यसकारणले पनि हुन सक्छ फेरी हामीले सम्झौंता पनि गरिसक्याछौं विश्वको सामु दिगो विकासको लक्ष्य पुरा गरौं भन्ने प्रतिवद्धताकासाथ त्यसैले पनि होला यो बजेटमा सफ्टवेर कुरा तपाईको हार्डवेरलाई संगै संगै लान सक्यो भने साच्चिकै रुपमा नेपाल आगामी २०३० मा संसारको एउटा विकसित देशको सामु उभिने नागरिक बन्न सक्छ भन्ने उद्देश्यकासाथ यो बजेट आएको छ। मलाई लाग्दछ हामी सानो देश पनि भन्छौं भूटान आज भूटानको जनता हामी नेपालीहरु अमेरिकामा जान खोज्दा धेरै धेरै सामानहरु माग्छौं भिसा पाउँनको

लागि तर आज भूटानी जनताहरु १८० दिनको त भिसा दिनुनै पर्दैन अमेरिकाले त्यसैले मलाई लाग्दछ यो सरकार यो सरकारले सानो र गरिब मुलुक भए पनि प्राकृतिक श्रोतको हिसाबले अब्बल भएको हुँदा मेरो विचारमा लाग्छ केही समयमानै तपाईको भूटानको हाराहारीमा पुग्छकी भन्ने मलाई लाग्दछ । त्यसकारणले म यो सरकारलाई वा मन्त्रीजी यहाँ हुनुहुन्छ मन्त्रीज्यूलाई म धेरै धेरै धन्यवाद पनि दिन चाहन्छु । बधाई पनि दिन चाहन्छु शुभकामना दिन चाहन्छु । जहाँ सम्म उद्योगको कुरा छ उद्योग महत्वाकांक्षी वा तपाईको पनि छ जस्तो मलाई लाग्दछ र कता कता हुनत महत्वाकांक्षी कार्यान्वयन गर्न हामीलाई चुनौंति पनि हुन सक्दछ । यो महत्वपूर्ण कार्यक्रम आएको छ एउटा गाउँपालिका उद्योग्राम हामीले एउटा गाउँपालिकामा एउटा उद्योग संचानल गर्न सक्यौं भने कार्यान्वयन गर्न सक्यौ भने साच्चिकै रुपमा त्यसले हामीलाई परिणाम दिन्छ भन्ने मलाई लाग्दछ । त्यति मात्र हैन वनको कुरामा त के गर्छ भन्दा के लाग्दछ भने मलाई एउटा सुझाव दिन मन लागेको छ सदमा यो गरिमामय सदनमा । सभामुख महोदय, राष्ट्रिय निकुञ्ज ऐज २०२९ हुनत हामी कानून बनाउने चरणमा छौं । संघ पनि प्रदेश पनि स्थानीय पनि राष्ट्रिय निकुञ्ज ऐज २०२९ मा टेकेर हामीलाई फेरी बनलाई विकास गर्न खोज्यौं भने साच्चिकै रुपमा विकास हामीले जे सोच्याथ्यौं त्यो हुन सक्दैन । बनबाट आय आर्जन गर्न सकिन्छ बनबाट रोजगारी सिर्जना गर्न सकिन्छ भन्ने भनाई साच्चिकै रुपमा तपाईको हामीले गन्तव्यमा पुऱ्याउन सक्दैन भन्ने मलाई लाग्दछ । त्यसकारण म सभामुख महोदय, मार्फत प्रदेश सरकारलाई यो बन ऐनहरु चाडो भन्दा चाडो संसोधन गरियोस् भन्ने शुभकामना दिन चाहन्छु आग्रह गर्न चाहन्छु । आर्को कुरा मलाई बडो अचम्म लागिराको छ महिले अहिले सम्म यो रोष्ट्रममा कुनै क्रिया प्रतिक्रिया दिएको छैन । मैले त्यस्तो पनि भन्न जान्दैन मैले साहै सैद्धान्तिक रुपमा बहस गर्न सक्ने व्यक्ति पनि होईन फेरी तर कूल बजेटको आठ नौं परसेन्ट त्यति लाग्दछ मलाई यो पर्यटन उद्योग र वनले पाएको जस्तो मलाई लाग्दछ । यो दुई अरब असी करोड समथिङ मेरो विचारमा म सत्ता पक्ष पनि भन्दैन प्रतिपक्ष

पनि भन्दैन प्रतिपक्ष साथीहरुले भनेको मेरो विचारमा सुझाव होला जस्तो लाग्दछ । सत्ता पक्ष भन्ने सत्ता पक्ष साथीहरुले भन्दा साथै यो सुझाव हो की के हो भन्ने मलाई मलाई अलि अन्यौंलको विषय भैराखेकी छ । वजेट काहाँ गयो यो प्रदेशमा भर्खर पूर्ववक्ता माननीयज्यूले भनिसक्नुभएको छ । वजेट काहाँ गयो वजेट  यो प्रदेशमै त होला  मलाई यो प्रदेश भन्दा अन्तै यो वजेट गयो  जस्तो त लाग्दैन । त्यसकारणले यो दुई अरब असी करोड वजेट त मेरो विचारमा यही प्रदेशमा हामीले काम गर्न सक्यौं भने फेरी कता कताबाट केही पनि कुरा मैले सुनेको छु भने वजेट परेछैन पनि हामी भन्छौं कता कता मेरो त एउटा योजना त पर्‍यो त्यसैले बधाई छ पनि भन्छौं। यसैले के हो अलिकति यो मैले बुझ्न सकेन । त्यसकारणले सभामुख महोदय, म त्यसमा बहस गर्न चाहदिन तर मेरो विचारमा के लाग्छ भने सरकारलाई के सुझाव दिन मन लागेको छ भने यदि साच्चिकै रुपमा सत्ता पक्षलाई धेरै वजेट दिने हो भने त जनसंख्याको हिसाबले सबै भन्दा ठूलो क्षेत्र भूगोलको हिसाबले पनि सबै भन्दा ठूलो क्षेत्र मेरो क्षेत्र हो भन्ने मलाई लाग्दछ । मेरो क्षेत्र फेरी म क्लाइमेट चेन्जको हिसाबले भनौं या के ले भनौं यो प्रदेशको सबै भन्दा होचो हिमताल कबुचे ताल जहाँकी सात हजार मीटरको हाईटबाट तपाईको हिउँको पहिरो खस्छ र त्यो ताल बनेको छ ।  कता कता मेरो सुझाव नपुगेको होकी भन्ने मलाई लाग्दछ सरकारको आर्को तमुहरुको सांस्कृतिक गाउँ भनेको त सिक्लेस होनि एक सय दश दश तपाईको पर्यटन क्षेत्र घोषणा गर्दा त कास्कीको क्षेत्र नम्बर एकको ख को सिक्लेस पर्यटकीय क्षेत्रमा नपर्नु भनेको त मेरो पनि कमजोरी होकी म सरकारलाई दोष दिन चाहदिन । त्यति मात्र होईन छ कोटको छ वटा गाउँको तपाईको एउटा कोट याङचाकोट जहाँ आज मादी गाउँपालिकाको कार्यालय स्थापना छ । त्यो पर्यटकीय क्षेत्र एक सय दशमा नपर्नु ताङतिङ जस्तो नपर्नु यही कालीकाको यही पोखरा महानगरपालिकाको ठूलाकोट यो यो पर्यटकीय दश क्षेत्रमा नपर्नु भद्रकाली जस्तो ठूलो मन्दिरहरु नपर्नु कता कता मेरो कमजोरी हो भन्ने मलाई लाग्दछ । त्यो क्षेत्रको माननीय भएको हुनाले म सरकारप्रति दोष दिन चाहदिन

मेरो भनाई सरकारमा पु¥याउन नसकेको हुनुपर्छ भन्ने मलाई लाग्दछ त्यसकारण मैले यसो भनिराख्दा माननीयज्यूहरु यो पेज नम्बर छ को त्रियासी नम्बरमा राउण्ड अन्नपूर्णको वैकल्पिक पदमार्ग निर्माणको लागि पचास लाख वजेट छुट्टाएको छ म सरकारलाई धन्यवाद दिन चाहन्छु । राउण्ड अन्नपूर्ण विश्वको सबै भन्दा सुन्दर वा तपाईको उत्कृष्ट पर्यटकीय मार्ग पदमार्ग हो आज त्यो पदमार्ग विस्थापित बनाएर तपाईको मोटरबाटो पुगिसकेको छ त्यसकारण वैकल्पिक बाटो खोजेर त्यो बाटो निर्माण गरियोस र त्यसलाई म प्रदेश सांसदको हैसियतले म यो कार्यान्वयन पक्षमा पूर्ण प्रतिवद्धताकासाथ म सहयोग गर्ने वाचा गर्दछु । सभामुख महोदय, त्यसकारण म आर्को कुरा म के आग्रह गर्न चाहन्छु भने सभामुख महोदय, पोखरा गण्डकी प्रदेशको राजधानी भर्खरै पूर्ववक्ता माननीयज्यू आफ्नो भनाई राखेर जानुभएको छ । कास्कीमा वजेटै प¥या छैन नवलपुरमा वजेटै प¥या छैन काहाँ त्यसोभए वजेट त मन्त्रीजिकै पर्वतमा मात्रै प¥या होत त्यो हिसाबले यो प्रश्नको लागि प्रश्न मात्रै हो भन्ने मलाई लाग्दछ तर मेरो ध्यान सरकार प्रतिको ध्यान आकर्षण के छ भने सरकार सभामुख मार्फत म सरकारलाई के आग्रह गर्न चाहन्छु भने यो पोखरा राजधानीनै तपाईको हामीले विकास गर्न सक्यौं संसारको सबै भन्दा उत्कृष्ट ठाउँ मध्येको ठाँउ यो पोखरानै हो यसलाई यो पोखरालाई वजेट दिने कुरामा कन्जुस्याई नगरियोस कंक्रिट योजना ल्याउन सकियोस परिणाममुखी योजना ल्याउन सकियोस हामी सबै मिलेर अगाडि बढौं ( माननीय सभामुख — माननीय सदस्य समय सकियो )

भन्ने विचार राख्दै यो सरकारलाई मेरो र मेरो दलको तर्फबाट धेरै धेरै तपाईको शुभकामना बधाई दिदै म यो कार्यान्वयन पक्षमा प्रतिवद्धताकासाथ लाग्ने प्रतिवद्धता जाहेर गर्दै विदा हुन्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, आजको लागि यो बैठक यो छलफल यहिँ समाप्त हुन्छ ।

माननीय सदस्यहरु, अब यो बैठक मिति २०७६ साल असार १८ गते ११:०० बजे सम्मको लागि स्थगित हुन्छ ।

**समाप्त**